म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ७९ बुधबार १ कार्तिक २०८० ने. सं. ११४३ कौलाथ्व 18 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौ**

*चाडपर्वमा यात्रुको चाप बढ्रुने भएकोले,*

- पर्याप्त संख्यामा र नियमितरुपमा सवारी साधन सञ्चालन गरौं,
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं,
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
- सवारी साधनको नियमित मर्मत तथा परिक्षण गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- दुर्घटनाबाट आफूपनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## गाउँपालिकाले विद्यालयमा जडान गरेको ई-हाजिरी बिग्रेर थन्किए

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ मकवानपुरको मनहरी गाउँपालिकाको ३२ वटा सामुदायिक विद्यालयमा गाउँपालिकाले जडान गरेको ई-हाजिरी प्रभावहिन बनेको छ । विद्यालयमा शिक्षकको उपस्थितिलाई नियमित गर्नका लागि गाउँपालिकाले ९ वटै वडाका सबै विद्यालयमा जडान गरेको ई-हाजिरीको उपकरण बिग्रेर थन्किएका छन् ।

गाउँपालिकाले शिक्षकको ई-हाजिरी ट्र्याकिङ गर्नेगरी २०७५ देखि सबै विद्यालयमा लाखौं खर्च गरेर ई-हाजिरी सञ्चालनमा ल्याएको थियो । सामुदायिक विद्यालयका शिक्षकको उपस्थितिलाई नियमित गर्दै शैक्षिक गुणस्तर उकास्नका लागि विद्यालयमा जडान गरिएको ई-हाजिरीको अवस्थाका बारेमा हाल गाउँपालिका नै बेखबर छ ।

विद्यालयले पनि बिग्रेका ई-हाजिरीको उपकरण मर्मत गरेर पुःन सञ्चालनमा ल्याउने वा नयाँ उपकरण जडान गर्नमा चासो देखाएका छैनन् । बिग्रेको ई-हाजिरी पुःन सञ्चालनमा ल्याउने तदारुकता नदेखिनुले कतिपय शिक्षकलाई 'हाइसञ्चो' भएको अभिभावक बताउँछन् ।

विद्यालयमा हुने शिक्षकको ढिलो उपस्थितिका कारण पठन-पाठनमा पर्ने असर कम गर्नका लागि गाउँपालिकाले ई-हाजिरीको उपकरण खरिद गरेर विद्यालयमा जडान गरेको थियो । ई-हाजिरी मार्फत् शिक्षकको उपस्थितिलाई निगरानी गर्ने व्यवस्था मिलाइएको थियो । तर, त्यतिबेलाको गाउँपालिकाले अनलाइन प्रबिधिमा ई-हाजिरी मेसिन जडान नगरी पुरानै प्रबिधिको र ब्याट्री ब्याकप सुन्य भएको मेसिन जडान गरेको विद्यालयहरुले बताएका छन् ।




'उच्चप्रबिधिको ई-हाजिरी मेसिन राखेर गाउँपालिका कार्यालयबाटै ट्र्याकिङले गर्न सकेको भए कुन विद्यालयका शिक्षक, कुनबेला उपस्थित भए, कुनबेला हाजिर गरे, कतिबेला विद्यालयबाट निस्किए' भन्ने निगरानी गर्न सहज हुने रमौली प्रतापुरस्थित ब्रम्हकाली निमाविका प्रधानाध्यापक ध्रुब सुनार बताउँछन् । ई-हाजिरीको सुरुवाती दिनमा शिक्षकलाई नियमित गर्न सघाउ पुगेको पनि थियो तर, ई-हाजिरी जडानपछि त्यसको बिवरण कपी गरेर गाउँपालिकामा लैजाने व्यवस्था नभएको शिक्षकहरुले बताए ।

गाउँपालिकाबाटै निरन्तर निगरानी र चासो नपुग्दा ई-हाजिरी बेकम्मा बन्न पुगेको हो । कतिसम्म भने गाउँपालिकाले कुनै एउटा निजी कम्पनीको ई-हाजिरी उपकरण बिकाउने भूमिका मात्र निर्वाह गरेको भन्दै आलोचना हुने गरेको छ । कमसल खालको उपकरण जडान गरिएका कारण ई-हाजिरीको उपकरण हाल बिग्रिएको अवस्थामा रहेको शिक्षकहरु बताउँछन् ।

'ई-हाजिरी मेसिन कमसल भएकोले बिग्रिएको अवस्थामा छन्,' रोटरी माविका प्रधानाध्यापक गोबिन्द पौडेलले भने, 'धेरै समयदेखि मेसिन बिग्रेको छ, चल्दैन ।' तामझामका साथ जडान गरिएको ई-हाजिरी केही विद्यालयमा ६/७ महिना नपुग्दै बिग्रेर थन्किएको सम्वन्धित विद्यालयका प्रअ बताउँछन् । ई-हाजिरी जडान गरेको वर्ष दिन पनि नटिकेको भोजसिद्ध माविका प्रअ महेश रिजाल बताउँछन् । कोभिड-१९ को महामारीसँगै ई-हाजिरी चलाउन बन्द गरिएको थियो । ई-हाजिरी गर्नेक्रममा कोभिड सर्ने त्रास भएपछि प्रयोग गर्न छाडिएको ई-हाजिरी हालसम्म पुःन प्रयोगमा ल्याइएको छैन ।

ई-हाजिरी गर्ने क्रममा रोगसर्ने डर भएपछि प्रयोग गर्न छाडिएको थियो तर, कोभिड-१९ महामारीको प्रभाव न्यून भएपछि पनि ई-हाजिरी पुःन प्रयोगमा ल्याइएको छैन । लामो बिदा पछि चार्ज नहुँदा विद्यालयको ई-हाजिरी प्रयोग विहिन बनेको प्रअहरुले बताएका छन् । बिग्रेको ई-हाजिरी मर्मत गर्ने वा नयाँ ई-हाजिरी जडान गर्ने भन्ने बिषयमा गाउँपालिकाले केही समय अघि छलफलमा ल्याएको भएपनि निर्णय हुन नसकेको बताइएको छ ।

## गढीमा गठबन्धन दलकै चेतावनीपूर्ण ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ नेकपा माओवादी केन्द्र गढी गाउँपालिका कमिटीले मंगलबार मकवानपुरगढी गाउँपालिकालाई ज्ञापनपत्र बुझाएको छ । हालको कार्यसम्पादन सन्तोषजनक नरहेको, जनप्रतिनिधि स्वार्थकेन्द्रित भएको निष्कर्षसहित गाउँपालिका उपप्रमुख आशा नेपाली पाख्रिनलाई ज्ञापनपत्र बुझाएको हो ।

मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा गठबन्धन गरेर चुनाव जितेका नेपाली कांग्रेस र नेकपा माओवादी बीच तिक्तता सुरु हुने देखिएको छ । मंगलबार दिउँसो माओवादी केन्द्र मकवानपुरगढीले कांग्रेसबाट अध्यक्ष बनेका दोर्जे लामा स्याङतानविरुद्ध १४ बुँदे ज्ञापनपत्र बुझाएपछि दुई पाटीबीचको दरार सार्बजनिक भएको हो । नेकपा माओवादी केन्द्र मकवानपुरगढीले गाउँपालिका अध्यक्ष लामाले एकलौटी ढंगबाट बजेट बाँडफाँड गरेको भन्दै १४ बुँदे माग सहित ज्ञापनपत्र बुझाएको हो ।

केन्द्रले सामाजिकसुरक्षा भत्ताको सहजता, किसानलाई दिईने अनुदान, प्रशासनिक सुधार, जग्गाको वर्गीकरण, गुणस्तरीय शिक्षा लगायतका विषयमा गाउँपालिकाको कार्यनीति कमजोर भएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।



नेकपा माओवादी केन्द्र मकवानपुर गढी गाउँपालिका कमिटीका अध्यक्ष राजकुमार खड्का र इञ्चार्ज सरोजकुमार खनालद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा पालिकाको राजश्व हिनामिनाको विषयमा समेत प्रश्न उठाइएको छ ।

गत निर्वाचनमा दलीय गठबन्धनमार्फत निर्वाचित भएको स्मरण गराउँदै गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट बाँडफाँडमा सर्वदलीय र सर्वपक्षीय समन्वयलाई जोड दिन माग गरिएको छ ।

'दुईवटा आर्थिक वर्षहरुमा बजेट तर्जुमा गर्दैगर्दा राजनीतिक प्रतिशोध छर्लङ्गै देखियो । निर्वाचनमा प्रस्तुत साझा घोषणापत्र विपरित समान वितरणको कुरा बिर्सिएर आफू आवद्ध दल केन्द्रित कार्यक्रम बनाउँदा तपाईंको हात कामेन अध्यक्ष ज्यु ?', ज्ञापनपत्रमा अध्यक्षप्रति रोष प्रकट गर्दै उल्लेख गरिएको छ । माग सम्बोन्धन नभए अध्यक्षको गलत कामको भण्डाफोर गर्ने माओवादी केन्द्रका नेताहरुले ज्ञापनपत्रमै चेतावनी दिएका छन् ।

प्रधानमन्त्री प्रचण्डले नेपाली कांग्रेसको बिरुद्धमा बोल्न थालेको भोलिपल्टै मकवानपुरगढीमा ज्ञापनपत्र बुझाउने कार्य गठबन्धनमा खटपट सुरु भएको अड्कलबाजी गर्न थालिएको छ । केन्द्रीय सत्ता समिकिरणमा ध्रुबिकरण हुने संकेत गाउँपालिका तहमै देखिएको राजनीतिकबृत्तमा छलफल हुन थालेको हो । सत्ता समिकरणको समय सकिएको चर्चा चिया चौतारोमा हुन थालेको छ ।

## मनहरीमा आजदेखि प्रथम वडाध्यक्ष कप भलिबल प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा आज बुधवार बाट प्रथम वडाअध्यक्ष कप भलिबल प्रतियोगिता हुने भएको छ ।

नेपालीको महान चाड विजयादशमीको अवसर पारेर मोर्डन यूथ क्लब मकरीले मनहरी गाउँपालिकास्तरीय नकआउट भलिबल प्रतियोगिताको आयोजना गर्न लागेको हो । प्रतियोगितामा बिजय हासिल गर्ने समूहले २५ हजार नगदसहित ट्रफी र मेडल प्रमाणपत्र पाउने छन् । उपबिजेताले १० हजार नगदसहित ट्रफी र मेडल प्रमाणपत्र पाउने आयोजक क्लबका अध्यक्ष बिशाल उप्रेतीले जानकारी दिए ।

यसैगरी, उत्कृष्ट खेलाडीलाई तीन हजार नगदसहित मेडल र प्रमाणपत्र साथै विधागत रुपमा अन्य खेलाडीलाई सम्मान गरिने आयोजकले जनाएको छ । मनहरी-१ मकरीमा रहेको बालजीवनज्योतिको खेलमैदानमा हुने खेलको फाइनल प्रतियोगिता असोज ३ गते दिनको ३ बजे हुनेछ ।

## चौकीटोलको खसीबजार उद्घाटनकै दिन सयौं खसी/बोका बिक्री



साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ हेटौंडा उपमहानगरपालिकाद्वारा खसी/बोका बजारको व्यवस्थापन गरिएको छ । यसअघि हेटौंडा-१०, बसपार्कमा अव्यवस्थित रुपमा रहेको खसी बजार त्यहाँबाट विस्थापित भएसँगै हाल १ नम्बर वडाको चौकीटोलमा व्यवस्थापन गरिएको हो ।

हेटौंडा-१ चौकीटोलस्थित झोलुङ्गे पुलमुनी निर्माण गरिएको खसी बजारको मंगलबार एक कार्यक्रमबीच हेटौंडा उपमहानगरका प्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेले उद्घाटन गरेका छन् । प्रदेश सरकारको गत आर्थिक वर्ष २०७९/८० को १५ लाख बजेटबाट निर्मित संरचनामा मंगलबार विजयादशमीको अबसर पारेर खसी/बोका खरिद र बिक्री कार्यको सुभारम्भ भएको हो । खसी बजार उद्घाटन भएकै दिन खाद्य प्रवर्द्धन कम्पनीले १ सय भन्दा बढी खसी/बोका खरिद गरेको खसी बजार व्यवस्थापा समिति संयोजक बद्री अधिकारीले जानकारी दिए ।

बजार उद्घाटन गर्दै वडाअध्यक्ष न्यौपानेले हेउमनपा कृषकमैत्री रहेको उद्घोष गरे । उनले बसपार्कमा बहुउद्देश्यीय बसपार्क टर्मिनल भवन निर्माण सुरु गरेसँगै विस्थापित भएका सबै तरकारी व्यवसायीलाई हेटौंडा-१, स्थित जरुवाटोलमा पुनःस्थापित गरेको र सोही ठाउँबाट विस्थापित खसीबोका व्यापारस्थल अलपत्र अवस्थामा टिसिएनचौरमा रहेको अवस्थालाई मध्यनजर गर्दै सोको उचित व्यवस्थापनका लागि चौकीटोलमा व्यवस्थापन गरिएको बताए । उनले उपमहानगरले पशुपालक र तरकारी किसानहरुको र उपभोक्ताको सहज सम्पर्क स्थापित गरेकोमा खुशी व्यक्त गरेका छन् ।

हेटौंडा-१ चौकीटोलमा खसीबजार स्थापना गरी मानवस्वास्थ्य मात्र नभएर पशु स्वास्थ्यसमेतको संरक्षणमा उपमहानगरपालिका लागेको बताए । बसपार्कमा हुँदा घाँस-पानीसमेत खान नपाउने खसी/बोकाका लागि चौकीटोलमा घाँस र पानीको व्यवस्था रहेको न्यौपानेले बताए । व्यावसायिक बाख्रापालक कृषक संघ मकवानपुरका अध्यक्ष झम्कनाथ सुवेदी विवेकको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१८ नम्बर वडाअध्यक्ष अनिल बानियाँ, मकवानपुर उद्योग वाणिज्य संघ उपाध्यक्ष प्रमोदसिंह रानाभाट, माछामासु व्यवसायी संघ मकवानपुरका महासचिव नारायण राजथला, टोल विकास वडा समन्वय समिति अध्यक्ष रुपा ढुंगाना, हेउमनपा आर्थिक शाखाप्रमुख भैरवबहादुर कुमाललगायतको उपस्थिति थियो ।

## अपराध अनुसन्धानमा नेपाल प्रहरी सक्षमः मुख्यमन्त्री जम्कट्टेल



साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले अग्रमोर्चाको सुरक्षा निकायको रुपमा प्रहरी संगठन रहेको भन्दै अपराध अनुसन्धानमा नेपाल प्रहरी सक्षम रहेको बताएका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाद्वारा आयोजित ६८ औं प्रहरी दिवसको अवसरमा मुख्यमन्त्री जम्कट्टेलले शान्तिसुरक्षा र अमनचयनमा नेपाल प्रहरीले खेलेको भूमिकाप्रति उच्चसम्मान रहेको धारणा व्यक्त गरे । प्रहरी संगठनलाई समयसापेक्ष रुपान्तरण गर्दै अझ सुदृढ बनाउनु पर्नेमा जोड दिदैं नागरिकले सबैभन्दा पहिला प्रहरीलाई खोज्ने हुदाँ प्रहरीप्रतिको विश्वास जनमानसमा ब्यापक रहेको बताएका छन् ।

विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने अमर प्रहरीहरुलाई सम्मान व्यक्त गर्दै उनले देशको विभिन्न आन्दोलनहरुमा अग्रभागमा शान्तिसुरक्षाको लागि भूमिका निर्वाह गर्ने प्रहरी संगठनप्रति आभार व्यक्त गरे । आफूहरुले संविधानमा रहेको अधिकार क्षेत्रमा रहेर काम गर्दा संघीय कानुनले विभिन्न बाधा व्यवधान देखाएकाले छिट्टै प्रहरी समायोजनले समस्या समाधान हुने उनको भनाई छ । प्रदेश सरकारको मातहतमा प्रहरी संगठन आएपछि मातहतका निकायलाई रुपान्तरण गर्दै लैजान सजिलो हुने उनले बताए ।

पछिल्लो समय सामाजिक सञ्जालहरुले सकारात्मक भन्दा पनि नकारात्मक प्रचारलाई बढी प्राथमिकता दिएको भन्दै यसले सुरक्षा निकायमा चुनौति थपिएको उनको दाबी छ । प्रहरी सेवालाई संख्यात्मक मात्र होइन प्रविधिको प्रयोग गरेर अपराध नियन्त्रण गर्न लाग्नुपर्नेमा उनले जोड दिए । प्रहरी अस्पतालको निर्माण बुहवर्षीय आयोजनाको रुपमा अगाडि बढेको बताउँदै यसका लागि चालू आर्थिक वर्षबाटै बजेट छुट्याइएको बताए ।

सोही अवसरमा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले प्रदेशको शान्तिसुरक्षामा प्रहरी संगठनले खेलेको भूमिकाप्रति उच्चसम्मान व्यक्त गर्दै सबैको त्याग तपस्या र रगत बगाएर ल्याइएको व्यवस्थालाई अपनत्व गर्नुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा पूर्वप्रहरी हवल्दार डम्बरबहादुर सापकोटा (खत्री)लाई सम्मान गरिएको थियो भने प्रदेश प्रहरीका उत्कृष्ट कर्मचारीलाई नगदसहित सम्मान गरिएको थियो । साथै विभिन्न स्थानीय तह, समाजसेवी, सञ्चारक्षेत्र र संघसंस्थालाई सम्मान गरिएको छ । कार्यक्रम प्रदेश प्रहरीप्रमुख प्रहरी नायवमहानिरीक्षक किरण राणाको अध्यक्षतामा भएको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बागमतीमा हाइड्रो

मकवानपुरको पूर्वी सीमाना बागमती गाउँपालिकामा करिब २८ अर्ब रुपैयाँको लागतमा कोखाजोर जलविद्युत आयोजना निर्माण हुने भएको छ । बागमती प्रदेशको ३ जिल्लाको सीमानामा निर्माण हुने कोखाजोर जलविद्युत आयोजनामा २७ अर्ब ७४ करोड रुपैयाँ लागत अनुमान गरिएको छ । केही दिनअघि परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट सार्वजनिक भएपछि यो समाचार आएको हो । वन तथा वातावरण मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट राय सुझावका लागि हालै सूचना सार्वजनिक गरेपछि सर्वसाधारणले यो बिषयमा जानकारी पाएका हुन् । ६३ मेगावाट क्षमताको जलविद्युत आयोजना काभ्रे, सिन्धुली र मकवानपुरको सीमानामा निर्माण हुन लागेको हो । सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका वडा नं. १, ३ र ५ तथा मरिण गाउँपालिका वडा नं. १ र २, काभ्रेको महाभारत गाउँपालिका वडा नं. १, ६ र ८ तथा खानीखोला गाउँपालिकाको वडा नं. ४ र ५ र मकवानपुरको बागमती गाउँपालिकाको वडा नं. १, ५ र ९ मा आयोजना निर्माणका लागि प्रस्ताव गरिएको हो ।

आयोजनाबाट वार्षिक उत्पादन ३०५.९६ गिगावाट आवर रहेको बताइएको छ । आयोजनाको बाँधक्षेत्र समुद्री सतहबाट ४२२ मिटरदेखि ४६० मिटरसम्मको उचाइमा रहनेछ । बाँधक्षेत्रको जलाशय समुद्री सतहदेखि ४६० मिटरको उचाइमा रहनेछ । आयोजनामा ७६७५ मिटर लम्बाइको हेडरेस टनेल, सय मिटर उचाइ र ७ मिटर व्यास भएको सर्ज साफ्ट, ८२५.२५ मिटर लामो पेनस्टक पाइप र विद्युतगृहको लम्बाइ चौडाइ २६ मिटर र उचाइ ३२ मिटर रहने बताइएको छ । आयोजनाबाट उत्पादित विद्युत करिब ७ किलिमिटर लामो १३२ के.भी डबल सर्किट प्रसारण लाइनमार्फत् फापरबारी सबस्टेशनमा जोडिनेछ । प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्यांकनको क्षेत्र निर्धारण तथा कार्यसूची ११० मेगावाटमा स्वीकृत गरिएको थियो । आयोजनाको हाइड्रोलोजिकल परिमार्जन गर्दा प्रस्तावित बाँध क्षेत्रको औसत मासिक बहावमा परिवर्तन भएको र सोअनुसार आयोजनाको जडित क्षमता घटेर ११६ मेगावाट बाट १०४ मेगावाट अनुमान गरिएको थियो । आयोजनाको जडित क्षमता १०४ मेगावाट हुँदा पिकिङ अपरेशन सयम ६ घण्टा रहेकोमा हाल १० घण्टाको पिकिङ अपरेशन हुँदा जडित क्षमता ६३ मेगावाट हुने आयोजना लागत कम हुने तर, वार्षिक कुल ऊर्जा उत्पादन १०४ मेगावाट र ६३ मेगावाट जडित क्षमतामा करिब बराबर हुने देखिएकोले आयोजनाको जडित क्षमता ६३ मेगावाट कायम गरिएको स्रोतले बताएको छ ।

बागमती प्रदेशको सिन्धुपाल्चोकमा ३५.५२ मेगावाट क्षमताको ब्रह्मयायणी जलविद्युत् आयोजना निर्माण हुने भएको छ । वन तथा वातावरण मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट राय सुझावका लागि हालै सूचना सार्वजनिक गरेको छ । आयोजनाको लागत ७ अर्ब हुने अनुमान गरिएको छ । ब्रह्मयायणी हाइड्रोपावर कम्पनी प्रालि प्रस्तावक रहेको आयोजना जुगल गाउँपालिकामा निर्माण हुनेछ । आयोजनाको हेडवर्क्स लगनखोलाको दायाँ किनारमा लदनबेसीमा अवस्थित लगनखोला र मसालखोलाको संगमस्थलबाट ५ सय मिटर माथिल्लो तटीय क्षेत्रमा रहेको छ । सिन्धुपाल्चोकमा अपर ब्रह्मयायणी जलविद्युत् आयोजना निर्माण हुने भएको छ । १५.१५ मेगावाट क्षमताको आयोजनाको लागत ३ अर्ब रहने अनुमान गरिएको छ । आयोजनाको निर्माणका लागि आवश्यक वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट वन तथा वातावरण मन्त्रालयले राय सुझावका लागि सूचना सार्वजनिक गरेको छ । प्रस्तावित आयोजना सिन्धुपाल्चोक जिल्लाको जुगलहिमाल गाउँपालिकामा प्रस्ताव गरिएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कार्तिक २ गते बिहीबार १९ अक्टोबर २०२३ । पञ्चमी आश्विन कृष्णपक्ष । कौलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:०६, सूर्यास्त ५:३० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **तुला** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **वृष** | : उपचारमा खर्च हुनेछ | **वृश्चिक** | : व्यावसायिक यात्राको सम्भावना छ |
| **मिथुन** | : लेनदेनमा विवाद हुनेछ | **धनु** | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| **कर्कट** | : धार्मिक कार्यले फाइदा हुनेछ | **मकर** | : आम्दानी राम्रो हुनेछ |
| **सिंह** | : मन खिन्न बनाउन सक्छ | **कुम्भ** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| **कन्या** | : दिन उत्साहपूर्ण बन्नेछ | **मीन** | : प्रेमको बन्धन कसिन सक्नेछ |

# ओरालो झरेको हेटौंडाको ट्राफिक व्यवस्थापन

श्यामप्रसाद श्रेष्ठ

बागमती प्रदेशको राजधानी हेटौंडा तथा हेटौंडा उपमहानगरपालिकाको मुख्य बजार क्षेत्रमा यातायातलाई सुरक्षित र ब्यबस्थित बनाउन ट्राफिक अवस्थाको बारेमा केही चर्चा गर्न सान्दर्भिक ठान्दछु । आजभन्दा करिब ५४ बर्ष अगाडि बि सं. २०२६ सालमा हेटौंडा गाउँ पञ्चायतबाट नगरपञ्चायतमा रुपान्तरण हुँदा बजारक्षेत्रमा यातायातलाई ब्यबस्थित र सुरक्षित बनाउने उद्देष्यले हाल बुध्दचोक रहेको स्थानमा ट्राफिक प्रहरी बिटको ब्यबस्था गरिएको थियो ।

हेटौंडामा औद्योगिक क्षेत्रको स्थापना, ब्यापारिक र यातायातको दृष्टिकोणले हेटौंडा देशकै मध्यभागमा अवस्थित भएको कारण जनसंख्याको वृद्धि, बजारबिस्तारलगायत मालसामान ढुवानी र यातायातको साधनको रुपमा ट्रक, बसहरुको संचालन भएको पाइन्छ । २०३६ सालको विद्यार्थी आन्दोलनले तत्कालीन महेन्द्रचोकको प्रहरी बिटको तोडफोड र आगजनी पश्चात यो स्थानमा स्व. राजा महेन्द्रको सालिक अनावरण गरी महेन्द्रचोक नामाकरण गरियो ।

साथै यातायातलाई सुरक्षित र ब्यबस्थित बनाउन चोकको चारैदिशामा ट्राफिक लाइटको ब्यबस्था गरियो । बि. सं. २०४६ सालको पहिलो जन आन्दोलनमा ट्राफिक ब्यबस्थापनको लागि चोकको चारैछेउमा राखिएको ट्राफिक बत्ति तोडफोड भयो । बि.सं. २०६२ सालको दोस्रो जनआन्दोलनले स्वर्गीय महेन्द्र राजाको मूर्ति तोडफोड गरी उखेलेर फालेपछि यो स्थानमा बुद्धको मूर्ति राखेर बुद्धचोकमा रुपान्तरण गरियो । देशमा २०५२ सालदेखि सुरु माओवादी जनयुद्धको कारण तराईबाट नेपाली मुलका बासिन्दाहरु र अर्को पहाड गाउँ क्षेत्रबाट पनि युद्धकै कारण प्रभावित भएर स्थानीय बासिन्दा मकवानपुर जिल्लाको तत्कालीन सदरमुकाम हेटौंडामा स्थानान्तरण तीब्र गतिमा भयो ।

तत्पश्चात हेटौंडा नगरपालिकाबाट उपमहानगरपालिकामा रुपान्तरण हुनु, देशमा लोकतान्त्रिक गणतान्त्रिक ब्यवस्था स्थापनापश्चात संघीय राज्यप्रणालीअन्तर्गत हेटौंडा प्रदेशको राजधानीमा रुपान्तरण भयो । हेटौंडामा प्रदेशको राजधानी कायम भएपछि तीब्रगतिमा सहरीकरण भएको पाउँदछौं । प्रदेशको राजधानी सहरको ईज्जत राख्ने काम कुनकुन निकायले गर्नु पर्ने हो त्यो पहिचान गरी वा बहस गरी तत्काल काम सुरु गर्नु जरुरी छ ।

प्रदेशको राजधानी स्थापनापश्चात मन्त्रालय स्थापना हुनु, मन्त्रालयमा कर्मचारीको साथसाथै साना जिपकार जस्ता साधनहरु बृद्धि हुनु, ब्यापार ब्यबसाय बृद्धि हुनु, प्रशासनिक कार्यको लागि १३ जिल्लाबाट सेवाग्राहीको चाप बढ्नु, प्रदेशको राजधानी भएपछि यहाँको आकर्षण बढेर बाहिरबाट तीब्र गतिमा जनसंख्या स्थानान्तर भएर जनसंख्याको बृद्धि हुनुको साथै सानाठुला सवारी साधनको अत्याधिक बृद्धि भएको पाउँदछौं । यसरी जनसंख्या, सवारी साधनको बृद्धिले केहीवर्षदेखि हेटौंडाको मुख्य सडकदेखि लिएर हरेक चोक, गल्लीमा ट्राफिक जामको समस्यादेखि लिएर दुर्घटना अत्यधिक बृद्धि भएको पाउँदछौं ।

हेटौंडाको सन्दर्भमा तत्कालीन अवस्थामा प्रहरी बिटदेखि लिएर ट्राफिक ब्यबस्थापनको लागि चोकको चारैतिर बत्तिको ब्यबस्थापन भैसकेको अवस्थामा हालको अवस्थामा अझ नवप्रबिधियुक्त स्वचालित विद्युत वत्तिको ब्यबस्था हुनु पर्नेमा हेटौंडाको ट्राफिक ब्यबस्थापन बाटो छोडेर ढुंगेयुगतिर ओरालो झरेको पाउँदछौं । आज हेटौंडाको हरेक गल्ली, चोकमात्र नभई सहरको मुख्य केन्द्रबिन्दु बुद्धचोकको ट्राफिक ब्यबस्थापन हेर्ने हो भने साना, ठुला, मझौला तथा दुईपाँग्रे मोटरसाइकल मनपरी ढंगले दौडिरहेको पाउँदछौं ।

बाटोको छेउमा ट्राफिक प्रहरीहरु मुकदर्शकको रुपमा टोलाईरहेको पाउँदछौं । गाउँ पञ्चायतकालीन अवस्थामा असइको दरबन्दीदेखि अहिलेसम्म आउँदा हेटौंडामा प्रहरीको प्रहरी नायवमहानिरीक्षक डीआइजी पदसम्मको बहाली रहेको छ । यति मात्र कहाँ हो र ? प्रदेशको राजधानी हेटौंडामा संघीय कार्यालयहरु, विभिन्न मन्त्रालयदेखि लिएर मुख्य मन्त्रीको सचिवालय समेत रहेको अवस्था छ । निर्जीव मन्त्राललयको भवन मात्र हैन सजीव मन्त्रीदेखि मुख्यमन्त्रीसम्म त्यही बुद्धचोक भएर सवार हुन्छन्, तर, त्यो बुद्धचोकमा पुग्दा त्यो स्वच्छन्द रुपमा सवारी साधनहरु दौडिरहेको नदेख्नु र अनुभूति नहुनु अचम्मित अवस्था हो ।

अर्को दु:खद अवस्था भनेको हेटौंडा भन्दा पछि स्थापित भएका कैयौं सहरहरु आज देशकै प्रमुख सहरको रुपमा स्थापित भइसकेको छ । यसरी अन्यक्षेत्रको तुलनामा हेटौंडाको विकासको गति सुस्तमात्र होइन कुपोषण लागेको रोगीको अवस्था जस्तो देखिएको छ । यसो हुनुको प्रमुख कारण एसिएन हाईवेको अन्यौलता नै हो । राज्यको अधिकांश स्थानमा एसियन हाईवे निर्माण भइसक्दा पनि हेटौंडामा एसियन हाईवे गिजोलिएको पिलोको रुपमा रहेको छ । एसियन हाईवे निर्धारण गरिएको मुख्य सडकलाई न हाईवेको मापदण्ड अनुसार न बिस्तार गर्न सकिएको छ, न यसको बिकल्प पाउन सकेको छ ।

यसको मुख्य दोषी हेटौंडाबासी मात्र नभएर सरोकार राख्ने स्थानीय जनप्रतिनिधिमूलक संस्था, सरकारी कार्यालय, स्थानीय जनप्रतिनिधिदेखि लिएर प्रदेशसभा सदस्य, संघीय सभासद, मन्त्रीहरु नै हुन् । यिनीहरुले आफ्नो अनुकूल छेपारोले रङ फेरेझैं द्वैधचरित्र निर्बाहको कारण हेटौंडा कुपोषणको सिकार हुन पुगेको हो । सडक बिस्तारको क्रममा पीडितपक्षलाई राहत दिनुपर्ने भए दिएर, दिनु नपर्ने भए नीति र नियमले दिन नमिल्ने पुष्ट्याईं गरेर हेटौंडालाई निर्वाधरुपमा विकासको गतिमा अगाडि बढ्न यो एसियन हाईवेको अन्यौलता अर्थात द्बुबिधाबाट वारकि पार हुन आवश्यक छ ।

यस बिषयको अन्यौलता अर्थात् द्बुबिधाबाट मुक्त हुन स्थानीय तहदेखि देखि लिएर प्रदेश, संघीयस्तरको जनप्रतिनिधि, नेता र मन्त्रीहरुको सद्बुद्धी यथासम्भब पलाओस् भनि शुभकामना दिन चाहन्छु । बुद्धचोक मात्र नभइ हेटौंडाका धेरै सडक खण्डमा ट्राफिक लाईट राख्ने ब्यवस्था गरियोस् । विद्यालय जाने बालबालिकाले सडक पार गर्न सहज हुने वातावरण बनाउने, कार्यालय समयमा बढी भिडभाड हुने क्षेत्रमा ट्राफिक प्रहशरीको बयवस्थापन गर्ने, सहरी क्षेत्रमा कार्यालय समयमा भारी सवारी प्रबेश गर्न नदिने जस्ता कार्य तत्काल सुरु गरियोस् ।

# राष्ट्रिय आवश्यकता नबुझेको शिक्षा विधेयक



भीम रवाल

शिक्षाले नागरिकमा चेतना, ज्ञान, सीप र दृष्टिकोण दिन्छ । यस्तो चेतना, ज्ञान, सीप र दृष्टिकोण जनउत्तरदायी र देशको हितमा समर्पित राज्य व्यवस्था र सरकारले राष्ट्रिय आवश्यकता अनुरूप सिर्जना गर्न तदनुकूल शिक्षाको प्रबन्ध गरेको हुन्छ । विज्ञान र प्रविधिसँग सम्बन्धित कतिपय विषय विश्वजनिन भएतापनि तिनको प्रयोग र उपयोग समेत देशको आवश्यकताको सापेक्षतामा हुन्छ । दर्शन र समाजशास्त्र जस्ता विषय झन् देश सापेक्ष नहुने कुरै भएन ।

यस सन्दर्भमा नेपाल सरकारले हालै संसदमा दर्ता गरेको शिक्षा विधेयकलाई सर्वप्रथम कुन दर्शन, सिद्धान्त, आदर्श, राष्ट्रिय दृष्टिकोण वा आवश्यकताको आधारमा निर्माण गरिएको हो भनेर जाँच-परख र विश्लेषण गर्नु आवश्यक छ । विधेयकले कस्ता शिक्षित नागरिक बनाउन खोजेको छ र यसको गन्तव्य के हो भन्ने कुरामा गहिरिएर विचार गर्नुपर्छ ।

केवल कसले कति सुविधा वा अधिकार पायो वा पाएन, कसको चाहना अनुसार भयो वा भएन भन्ने आधारमा मात्र हेरियो भने नेपालको शिक्षा व्यवस्थामा भइरहेको बेथिति, दिशा र गन्तव्यहीन स्थितिमा कुनै परिवर्तन हुनेछैन । देश निरन्तर परमुखापेक्षी, अनुत्पादक, गैरजिम्मेवार, पलायनमुखी र उत्साहहीन नागरिक बनाउने हानिकारक शिक्षा व्यवस्थाबाट पीडित भइरहनेछ । अत: शिक्षा विधेयकका दफाहरूमा गरिएका प्रबन्धहरूलाई केवल व्यवस्थापकीय वा सेवा, सुविधा, अधिकार र परम्परागत पाठ्यक्रम एवं पठनपाठन प्रणालीको आवरणको दृष्टिबाट मात्र नहेरी समग्रमा देशलाई कुन गन्तव्य र स्थितिमा पुर्‍याउला भनेर मनन गर्नुपर्छ ।

विद्यालय शिक्षामा देखिएको जनता र देशको हित विपरीतका काम र प्रवृत्ति, त्यसले सामान्य जनतामा पर्न गएको असर, सरकारको निकै ठूलो लगानी रहेको सार्वजनिक शिक्षाप्रति फैलाइएको अविश्वास र जिम्मेवारहरूले नै इमानदारीपूर्वक कर्तव्य निर्वाह नगरी शिक्षा क्षेत्रलाई अस्तव्यस्त र विद्यार्थीको शैक्षिक स्तर अत्यन्त कमजोर तुल्याई कथित बोर्डिङ संस्कृतिलाई बढावा दिइरहेको स्थितिमा शिक्षा विधेयकले सुधार र परिवर्तनको बाटो देखाउनुपर्थ्यो । तर त्यस्तो छैन ।

देशको स्वाधीनता, स्वाभिमान, सिर्जना, विकास र उन्नतिको आधार नै शिक्षा हो भन्ने मूल भावना शिक्षा विधेयकले कतै आत्मसात् गरेको देखिन्न । छिमेकी चीनमा राज्यले शिक्षालाई गरेको मार्ग निर्देशन र लगानीका फलस्वरूप विश्वलाई नै चकित तुल्याउने किसिमले आविष्कार र प्रगति भइरहेको छ । चीनको कुरा गर्दा कम्युनिष्ट राज्य भनी नाक खुम्च्याउनेहरूका लागि उदार वादी पूँजीवादी देशहरूकै कुरा गरौं । संघीय प्रणाली भएका अमेरिका र भारत (जसलाई केही दल र नेताहरू सदैव उदाहरण दिने गर्छन्) मा शिक्षामा संघीय सरकार र राज्य सरकारहरूको अत्यन्त ठूलो भूमिका रहेको शिक्षामा रुचि राख्ने र अध्ययन गर्नेहरूले बुझेकै होला ।

सन् १९६५ मा नै अमेरिकी राष्ट्रपति लिन्डन जोन्सनले शिक्षाको बारेमा भनेका थिए- 'शिक्षा हाम्रो लोकतन्त्रको विशिष्ट अभिभावक हो । यसभन्दा ठूलो न त हाम्रो सैनिक प्रतिरक्षा छ, न त हाम्रा क्षेप्यास्त्र वा बम वर्षकहरू छन्, न त हाम्रो उत्पादन अर्थतन्त्र छ न हाम्रो लोकतान्त्रिक पद्धतिको सरकार नै । यदि हामीसँग तिनलाई सहयोग पुर्‍याउने र टिकाउने दिमागी शक्तिको अभाव भएमा ती सबै निरर्थक छन् ।'

यसैगरी दक्षिण अफ्रिकाको एउटा विश्वविद्यालयको प्रवेशद्वारमा लेखिएको भनी चर्चित यी पंक्तिहरू घतलाग्दा छन्- 'कुनै पनि मुलुकलाई ध्वस्त पार्न कुनै आणविक अस्त्र वा लामो दूरीसम्म प्रहार गर्ने क्षेप्यास्त्रको प्रयोग गर्नु आवश्यक छैन, यसका लागि त्यो मुलुकको शैक्षिकस्तर ध्वस्त पारिदिए मात्रै पर्याप्त छ र विद्यार्थीलाई चिट चोर्न दिए पुग्छ । किनकि त्यस्ता चिकित्सकका हातबाट विरामी मर्नेछन्, इन्जिनियरले बनाएका भवनहरू ध्वस्त हुनेछन्, अर्थविद्का हातबाट पैसा हराउनेछ, धार्मिक अभियन्ताका हातबाट मानवता मर्नेछ र न्यायाधीशका हातबाट न्याय हराउनेछ । शिक्षा ध्वस्त हुनु नै मुलुक ध्वस्त हुनु हो ।'

संघीय प्रणाली भएका अमेरिका र भारत दुवै देशमा शिक्षामा संघीय र राज्य सरकारको अत्यन्त ठूलो भूमिका रहेको छ । अमेरिकी संघीय सरकारले विद्यालयहरूलाई ठूलो रकम अनुदान दिंदा आफ्ना शर्तहरू सँगै पठाएको हुन्छ । भारतमा केन्द्रीय सरकारले शिक्षा नीति, योजना, कार्यक्रम बनाउनुका साथै प्राथमिकता निर्धारण गर्छ । नियन्त्रण, निगरानी र मार्गदर्शन गर्नुका साथै शिक्षामा एकरूपता, स्तरीकरणका लागि सामान्य नीतिनिर्माण, समन्वय र वित्तीय सहयोग गर्छ । अन्य देशसँग शैक्षिक र सांस्कृतिक सम्बन्धको अधिकार पनि केन्द्रीय सरकारमा नै छ ।

अत्यन्त विकसित र शक्तिशाली संघीय प्रणाली भएका देशमा केन्द्रीय सरकारको शिक्षामा उक्त प्रकारको प्रभावकारी भूमिका रहेको छ भने भर्खरै संघीय प्रणाली लागू गरि एको, अस्थिर र विकृत राजनीतिको आहालमा परेको तथा अधिकांश स्थानीय तह जनशक्ति, बौद्धिक र भौतिक क्षमता, व्यवस्थापन एवं स्रोतको दृष्टिकोणबाट अत्यन्त कमजोर रहेको र संकीर्ण राजनीतिक स्वार्थको दलदलमा फँसिरहेको स्थितिमा केन्द्र सरकारको हातबाट माध्यमिक शिक्षालाई पूरै निकालेर के नेपालको शैक्षिक बेथिति र खस्कँदो अवस्थामा सुधार हुनसक्ने सम्भावना छ र ?

सबै कुरा स्थानीय तहको जिम्मा लगाए मात्रै संघीय प्रणाली जीवित हुने भए अमेरिका र भारतमा कसरी चलेको छ त संघीयता ? शिक्षा प्रणालीलाई केन्द्र सरकारको नीति, मार्गदर्शनबाट अलग्याउने सोच नेपालको शिक्षा व्यवस्था ध्वस्त गरी नेपालको चिरकालीन अस्तित्व नै समाप्त गर्ने बाटो बाहेक केही होइन ।

शिक्षा विधेयकका कतिपय दफाहरू पढ्दा यसका मस्यौदाकारहरूले अंग्रेजी भाषा र विदेशी सोचमा लटपटिएर दिमाग चलाएको प्रतीत हुन्छ । उदाहरणका रूपमा माध्यमिक प्रवेश परीक्षा भनिसकेपछि त्यसलाई कोष्टमा त्यसको अंग्रेजी नाम लेखिएको छ । माध्यमिक तहमा 'विषय' भन्दा हुनेमा 'शिक्षाका धार', कोष्टमा 'स्ट्रिम' भनिएको छ (दफा ७) । विज्ञान विषय, समाजशास्त्र भन्नुपर्नेमा तिनलाई 'धार' भन्नु अंग्रेजी भाषाको ठाडो शब्दानुवाद बाहेक केही होइन ।

विज्ञान र गणित विषयलाई अंग्रेजी भाषामा मात्र पढाउनुपर्ने (दफा ८) किन ? हेक्का रहोस्, चीन र जापान जस्ता देशहरूले अत्याधुनिक प्रविधिको विकास र विज्ञान शिक्षामा आफ्नै भाषाको प्रयोग गरिरहेका छन् । भारतले पनि क्रमश: हिन्दीको प्रयोगलाई बढाउँदै लगेको छ । आफ्नो आवश्यकताका लागि अंग्रेजी भाषाको प्रयोग नगरी नहुने स्थितिमा त्यसको प्रयोग गर्नै हुन्न भन्ने होइन ।

कतिपय शब्दहरूलाई आगन्तुक शब्दका रूपमा नेपाली भाषाले ग्रहण गर्नै हुन्न भन्ने पनि होइन । तर नेपाली भाषामा स्पष्ट अर्थ दिने शब्द हुँदाहुँदै भाषाको भण्डारलाई रित्याउने किन ? यस पंक्तिकारले विद्यालयमा पढ्दा विज्ञान र गणित नेपाली भाषामा पढेर राम्रै गरेको हो । अब अंग्रेजीमा मात्र पढाउनुपर्ने भन्ने कानुन थोपरेर के नेपालको अंकगणितको लिपि र प्रयोगलाई समाप्त गर्न चाहेको हो ? यस्तो किन ?

नवीनतम प्रविधिको कथित खास विषयमा विदेशी बोर्ड वा शिक्षण संस्थासँग सम्बन्धन लिन पाउने र विदेशी दूतावासको सिफारिसमा विद्यालय स्थापना र सञ्चालन गर्न पाउने (दफा १०) व्यवस्था नवीनतम प्रविधि वा कथित खास विषय नेपालका विद्यालय वा बोर्डले पठनपाठन गराउन सक्दैनन् भन्ने मिथ्या कुरा स्थापित गर्ने वा विदेशीको स्वार्थमा नेपालको शिक्षा व्यवस्थालाई प्रभावित पार्ने षडयन्त्र बाहेक यो केही होइन । के अरू देशले यस्तो गर्न दिएका छन् ? यस्तै गरी विद्यालय र राष्ट्रिय परीक्षा बोर्डले अर्थ मन्त्रालयको स्वीकृतिमा विदेशी सरकारको रकम लिन पाउने (दफा १३) व्यवस्था गरी विदेशीको मुख ताक्ने प्रवृत्तिको विकास गर्न खोजिएको छ ।

अर्थ मन्त्रालयले मन परेका जुनसुकै विद्यालयलाई विदेशीको रकम लिन स्वीकृति दिनसक्ने स्पष्टै छ । त्यस्तै गरी, शिक्षकले विदेशी उपहार स्थानीय तहलाई जानकारी दिई तहको निर्णय अनुसार लिन पाउने व्यवस्था (दफा ७५) कुन उद्देश्यले गरिएको हो ? शिक्षकलाई विदेशी उपहार पाउने लोभतर्फ किन प्रेरित गरिएको होला ? विदेशी उपहार लिने विषय स्थानीय तहले स्वीकृत गर्न सक्ने नभई केन्द्र सरकारले हेर्नुपर्ने विषय हो ।

गैरसरकारी संस्थासँग शिक्षाको साझेदारी (दफा १५६) भनेको के हो ? नेपालको अहिलेसम्मको अनुभव र स्थितिले ठूला शक्तिराष्ट्र र विदेशी संस्थाहरूले गैरसरकारी संस्था मार्फत नेपालको मौलिकता र हितमा समेत आँच पुर्‍याएका अनेक घटना र उदाहरण छन् ।

के कुनै देशले गैरसरकारी संस्थासँग शिक्षाको साझेदारी गरेको छ ? यी सबै कुरा नेपालको संविधानको समाजवाद उन्मुख स्वाधीन नेपालको धारणा विपरीत छन् । नेपाल सरकारले रकम व्यहोर्ने (अनुदान दिने, दफा १४९) विद्यालय र अभिभावकसँग २० देखि ६० हजार मासिक शुल्क लिने निजी विद्यालयलाई फेरि विदेशी रकम लिन पाउने भन्दै परमुखापेक्षी बनाउनुपर्ने किन ? यो विदेशको दलालीको द्योतक मात्र होइन र ? ठूला शक्तिराष्ट्रहरूको चाकरी गर्ने प्रवृत्ति खतरनाक रूपमा देखिएकै छ ।

समाजवाद उन्मुख र लोककल्याणकारी राज्य सिर्जना गर्ने नेपालको संविधानको मर्म अनुसार स्पष्ट रूपमा शिक्षा विधेयकले बाटो समात्नुपर्ने हो । तर शिक्षामा 'राष्ट्रिय मापदण्ड' पछि बनाउने भनी विधेयकमा छल गरिएको छ । शिक्षाको 'राष्ट्रिय मापदण्ड'को मूल दिशा ऐनमा नै निर्धारण गरिनुपर्छ । पछि कुन गैरसरकारी संस्था र निजी विद्यालयको निहित स्वार्थमा त्यस्तो मापदण्ड बन्ने हो, भन्न सकिने स्थिति छैन । संसदले शिक्षाको राष्ट्रिय मापदण्डमा छलफल गरी ऐन बनाउनुको साटो जनता र जनप्रतिनिधिलाई छल्न खोज्नु दुराशय बाहेक केही होइन ।

यस्तो मापदण्डमा अहिले नै विद्यार्थीलाई सानै उमेरदेखि देशभक्ति, राष्ट्र र जनताको हित, विकास, राष्ट्रिय सम्पत्तिको सुरक्षा, परोपकार, आमाबुवा, शिक्षकहरूको सम्मान, श्रमप्रति आस्था, गरीब र असहायहरूको सम्मान, सडकको मर्यादादेखि नैतिक आचरण लगायत विषय समेटेर नैतिक र सामाजिक शिक्षालाई महत्वका साथ सबै विद्यालय शिक्षाको अभिन्न अंग बनाउनुपर्ने कुरा राष्ट्रिय मापदण्डमा समावेश गरिनुपर्छ ।

आजका विकसित देशहरूले सानैदेखि देशको लागि योग्य नागरिक बनाउने गरी उक्त प्रकारको शिक्षा दिइरहेका छन् । त्यस्तै विद्यालयलाई केवल नारामा शान्ति क्षेत्र भनेर केही हुन्न । व्यवहारमा नै विद्यालय शिक्षालाई राजनीतिक दाउपेच र स्वार्थबाट मुक्त गर्नको लागि कानुनी प्रबन्ध गरिनुपर्छ ।

विद्यालय व्यवस्थापन समितिमा समावेशी सिद्धान्तका आधारमा सदस्य राख्नुपर्ने (दफा १७) व्यवस्थाको औचित्य के हो ? विद्यालय व्यवस्थापन समिति भनेको कुनै पारिश्रमिक वा सुविधा पाउने स्थान होइन । शिक्षाको विकासमा विशेष रुचि भएका, सेवा, योगदान र समय दिन र आवश्यक भूमिका खेल्न सक्ने शिक्षित व्यक्ति विद्यालय व्यवस्थापन समितिमा आवश्यक हुन्छ । यो कसैलाई सेवासुविधा दिलाउनको लागि भागबण्डा गर्नुपर्ने क्षेत्र होइन ।

बाल विकास केन्द्र (प्रारम्भिक शिक्षा) विद्यालयमा भए पनि हुने नभए पनि हुने प्रावधान (दफा २०) कसको स्वार्थमा गरिएको हो ? चीन, जापान, भारत र अमेरिका लगायत देशहरूमा प्रारम्भिक शिक्षालाई कति महत्व दिइएको छ भन्ने हेक्का विधेयकका मस्यौदाकारहरूलाई हुनुपर्ने होइन र ? बालबालिकाको प्रारम्भिक शिक्षा अत्यन्त महत्वपूर्ण हुन्छ । राज्यले यति ठूलो रकम खर्चेको विद्यालय शिक्षामा प्रारम्भिक शिक्षालाई गौण तुल्याइनु निजी लाभका लागि कथित बोर्डिङ स्कूलको मनपरीलाई बढावा दिने चाल मात्र हो ।

नेपालको संविधानमा देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ भन्ने स्पष्ट व्यवस्थाको विपरीत विधेयकको ठाउँ-ठाउँमा अनावश्यक रूपमा अंग्रेजी भाषाको प्रयोग गरिएको छ । उदाहरणको रूपमा 'स्थान' भन्दा हुनेमा 'सिट' भनिएको र व्यक्तिगत विवरण भनिसकेपछि त्यसलाई फेरि 'सिटरोल' भनिएकोलाई लिन सकिन्छ ।

विधेयकमा फेरि द्वन्द्वपीडित शिक्षकहरूको कुरा समावेश (दफा १०६) गरिनुको औचित्य के हो ? विगतमा द्वन्द्वपीडित शिक्षकहरूको पुनर्वहाली वा सेवा-सुविधाको विषय टुंगिसकेको हो । कुनै बाँकी रहेको भए सत्य निरुपण र मेलमिलाप आयोगको क्षेत्राधिकारमा पर्दछ ।

विधेयकमा शिक्षकले बहुविवाह (दफा ७९), यौनजन्य दुर्व्यवहार (दफा ८०) र कुटपिट गर्न र यातना दिन नहुने (दफा ८१) जस्ता कुरा उल्लेख गरेर कानुनमा पुनरुक्ति दोष किन ? यो विषय सबै नागरिकका लागि दण्डनीय हुने कुरा अपराध संहितामा नै भइसकेको छैन र ?

माथि उल्लेख गरिएका शिक्षा विधेयकका प्रावधानहरूले विधेयकले कस्तो दृष्टिकोण राखेको छ र देशलाई कतातिर धकेल्न खोजिंदैछ भन्ने कुरा देखाउँछन् । जनताको चाहना र देशको आवश्यकता तथा संविधानको मार्गदर्शन अनुरूप नभई निजी र विदेशी स्वार्थ साधना गर्ने किसिमका प्रावधान शिक्षा विधेयकमा राखिनु आपत्तिजनक छ । यो देशको दीर्घकालीन अस्मितालाई समेत खतरामा पार्ने खेलको अंग बन्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

'खर्च कटौती'का बहानामा बढोत्तरी :

# सचिव र सहसचिवलाई इन्धनका नाममा थप नगद सुविधा

काठमाडौं/खर्च घटाउने उद्देश्यले सरकारी कर्मचारीको इन्धन सुविधामा गरिएको नयाँ घोषणा कार्यान्वयन गर्दा झन् खर्च बढ्ने देखिएको छ । सरकारी पदाधिकारीको इन्धन सुविधासम्बन्धी अर्थ मन्त्रालयले हालै स्वीकृत गरेको नयाँ निर्देशिकाले विगतमा भन्दा झन् बढी खर्च हुने देखिएको हो ।



अर्थमन्त्री डा. प्रकाशशरण महतले गत १५ जेठमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/८१ को बजेटमा गाडी सुविधा पाएका सरकारी पदाधिकारी र कर्मचारीलाई इन्धनको कुपनको साटो नगद नै दिने घोषणा गरेका थिए । यसले इन्धनमा हुने खर्च कम गर्ने उनको दाबी थियो । तर उक्त घोषणा कार्यान्वयन गर्न निर्देशिका बनाउने क्रममा अर्थ मन्त्रालयले साविकको इन्धन सुविधा भन्दा बढ्ने गरी नगद दिने व्यवस्था गरेको छ ।

नयाँ निर्देशिकामा सचिवलाई मासिक १२५ लिटर र सहसचिवलाई १०० लिटर पेट्रोल बराबरको रकम उपलब्ध गराउने गरी व्यवस्था गरिएको छ । विद्युतीय गाडी चढिरहेका सचिव र सहसचिवले इन्धनमा पाउने रकमको आधा रकम चार्जिङका लागि पाउनेछन् ।

गत वर्षसम्म सचिवले मासिक १०० लिटर र सहसचिवले ७० लिटर पेट्रोल सुविधा पाउँदै आएका थिए । बिजुली गाडी चढ्नेहरुले इन्धन सुविधा पाउने व्यवस्था थिएन ।

अब तोकिएको नयाँ परिमाणको इन्धनको मूल्य बराबरको रकम मासिक तलबसँगै सचिव र सहसचिवको खातामा जम्मा गर्ने अर्थ मन्त्रालयका प्रवक्ता धनिराम शर्माले बताए । हालको इन्धन (पेट्रोल) को मूल्यअनुसार सचिवहरुले इन्धन सुविधाबापत थप २१ हजार ५०० नगद रुपैयाँ पाउनेछन् भने सहसचिवहरुले थप १७ हजार २०० रुपैयाँ थप रकम पाउनेछन् । इन्धनको मूल्य बढ्दा यस्तो नगद सुविधा पनि त्यसै अनुरुप बढ्ने छ भने घटेमा कम पनि हुनेछ ।

'हेर्दा त इन्धन सुविधा बढेजस्तो देखियो, तर पनि नगदका रुपमा तलबसँगै सचिव र सहसचिवले बुझ्ने यस्तो सुविधाबापत तिर्नुपर्ने आय करले बढे बराबरको सुविधा सरकारलाई फिर्ता नै हुन्छ', प्रवक्ता शर्माले भने । नगद दिन थालेपछि असीमित परिमाणमा इन्धन खपत गर्ने क्रम रोकिने र नगदको सीमाभित्रै कर्मचारीले तेल खपत गर्ने प्रवक्ता शर्मा बताउँछन् । 'तेल खपत कम गरेर पैसा जोगाउने कर्मचारीलाई यो व्यवस्थाले इन्सेन्टिभाइज पनि गर्छ', उनले भने ।

अर्थ मन्त्रालयले निर्देशिकामा सहसचिवभन्दा तल्ला तहका कर्मचारीले पाउँदै आएको इन्धन सुविधाबारे बोलेको छैन । अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ अनुसार उनीहरुले सवारी साधनको सुविधा नै पाउँदैनन् । तर, यो नियम मिच्नेमा अर्थमन्त्रालय अग्रपंक्तिमा छ र धेरै अधिकृतहरू समेत गाडी र इन्धन सुविधाको मनपरी दुरूपयोग गरिरहेका छन् ।

'कार्यालय प्रयोजन खर्च' शीर्षकबाट नै गाडीसहित असीमित इन्धन (डिजेल-पेट्रोल र मोबिल) सुविधा दिने हालकै व्यवस्था समेत कायमै रहेकाले 'तेलको कुपन' दुरुपयोगको जोखिम उत्तिकै छ । अझ सचिव र सहसचिवहरु कामका लागि सवारी लिएर तोकिएको कार्यक्षेत्रबाहिर जाँदा छुट्टै इन्धन सुविधा समेत पाउनेछन् ।

पूर्व अर्थसचिव रामेश्वर खनाल निर्देशिकाको व्यवस्थाले सरकारी सवारीमा इन्धन खपत कम नहुने तर इन्धनको नाममा नगदमा हुने खर्च बढ्ने बताउँछन् । विगतदेखि नै सचिव र सहसचिवहरुले मन्त्रालय अन्तर्गतका आयोजना, अनुगमनकारी कार्यालय, सुरक्षा निकायहरुबाट गाडी र तेल माग्ने विकृति रहेको भन्दै उनले भने, 'अब पनि अरुबाट तेल लिएर गाडी चलाउने र इन्धन सुविधा रकम गोजीमै राख्ने काम हुनेछ, अब सरकारी सुविधाको दुरुपयोग झन् बढ्छ ।'

इन्धनको साटो नगद दिने भनेर घुमाउरो हिसाबले सचिव र सहसचिवहरुको तलब बढाइएको खनालको भनाइ छ । तलब बढाउने नै भएर उच्चस्तरीय तलब सुविधा आयोगको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने उनको सुझाव छ ।

अर्थ मन्त्रालयकै अधिकारीहरु पनि यो व्यवस्थाले चालु खर्च घटाउन सहयोग नगर्ने बरु उल्टै भार थपिने बताउँछन् । 'घुमाउरो रुपमा सचिव र सहसचिव ज्यूहरुको तलब सुविधा बढाइयो,' अर्थ मन्त्रालयका एक उपसचिव भन्छन्,'प्रशासनले उहाँहरुको लागि कार्यालय खर्चका नाममा वा भ्रमणका नाममा तेलमा हुने खर्च दिइनै र हन्छ, यस्तो अवस्थामा इन्धनको साटो भनेर खातामा जाने नगद उहाँहरुको चोखो बचत हुने देखिन्छ ।'

सरकारी विद्युतीय गाडीहरु अधिकांश कार्यालयमा नै चार्ज गर्ने हुनाले बिजुली गाडी चढ्नेलाई इन्धन सुविधाका नाममा नगद दिनु अवैज्ञानिक भएको ती अधिकारीले बताए ।

'कुन आधारमा बिजुली गाडी चढ्नेले तेल सुविधाको आधा रकम पाउने भनिएको हो बुझ्न गाह्रो छैन, यो व्यवस्था स्वार्थमा आधारित छ भन्ने पुष्टि गर्छ', उनी भन्छन्, 'सचिव र सहसचिवज्यूहरुले लिएको अनावश्यक सुविधा कटौती गर्नुपर्ने बेलामा घुमाउरो रुपमा एकैपटक महिनाको औसत २० हजार खर्च बढाउने काम भयो ।'

बजेटको घोषणा अनुसार अर्थ मन्त्रालयले दुई महिनाअघि सहसचिव आनन्द काफ्ले नेतृत्वको समिति बनाएर इन्धन सुविधाबारे अध्ययन गरेको थियो । अर्थ मन्त्रालयले यो व्यवस्थाले सरकारी खर्च नियन्त्रणमा खासै ठूलो भूमिका नखेल्ने निष्कर्ष पनि निकालेको थियो । मासिक खपत हुने तेल बराबरको पैसा दिँदा खर्च कम नहुने बरु चालकहरु चिढिने भन्दै अर्थमन्त्रालय पछि हटेको थियो । तर, इन्धनको मूल्य धमाधम उकालो लागेपछि अधिकारीहरुले नगद पनि बढ्ने अवस्था देखेर निर्देशिका स्वीकृत गराएको आशंका अर्थ मन्त्रालयका उपसचिव र शाखा अधिकृतहरुले गरेका छन् ।

अहिले शहरभित्र घर-कार्यालय आउ-जाउ गर्दा सरकारी सवारीमा कोटाअनुसार सबै तेल खपत नहुँदा पनि 'कार्यालय खर्च' प्रयोजन अन्तरगगत ठूलो परिमाणमा तेलको कुपन जारी हुन्छन् । इन्धनको कोटा घटाउनुपर्ने अवस्थामा झन् बढाएर नगद दिने व्यवस्था भएको छ भने सहसचिवभन्दा तल्ला तहका पदाधिकारीले फरक शीर्षकबाट लिइरहेको इन्धन सुविधा कटौतीमा पनि अर्थ मन्त्रालय उदासीन देखिएको छ । नयाँ निर्देशिका बनेपछि पनि यस्तो खर्च शीर्षकबाट सचिव/सहसचिवहरु सहित कानुनत: सवारी सुविधा नपाउने उपसचिव, अधिकृत देखि नायब सुब्बासम्मले इन्धन सुविधा लिइरहने अवस्था कायमै छ ।

लामो सयमदेखि सरकारी कार्यालयमा 'तेलको कुपन' कर्मचारी र सवारी चालकहरुका लागि केही हदसम्म अतिरिक्त आम्दानीको स्रोत बनेको छ । कर्मचारीले इन्धन सुविधाबापत प्राप्त गर्ने कुपनमा उल्लेख भएको परिमाणमा तेल नहाली चालकहरुले अतिरिक्त लाभ लिने गरेको खुला विषय हो ।

कुपनमा उल्लेख भएको परिमाणमा तेल नहाल्दा पनि नेपाली सेनाको रिपुमर्दिनी र साझा पेट्रोल पम्पबाट कुपनको सट्टामा नगद नै लिन सकिन्छ । तर, त्यसका लागि पम्पमा खटिएका कर्मचारीलाई निश्चित प्रतिशत कमिसन दिने प्रचलन छ । यो विकृतिलाई समेत कायम राख्ने र इन्धनको कोटा बढाएर त्यसैअनुसार नगद दिने व्यवस्थाले सरकारी खर्चलाई थप दबाबमा पारेको छ ।

लक्ष्यको तुलनामा राजस्व निकै कम उठेर चालु खर्च समेत धान्न ऋण उठाइरहेको अर्थ मन्त्रालय खर्च घटाउन रूचि देखाइरहेको छैन । बरू बेफिक्री विदेश घुमिरहेका अर्थमन्त्री प्रकाशशरण महत र अर्थसचिव कृष्णहरि पुष्कर खर्च घटाउन बनाइएको योजना बढाउनका निम्ती प्रयोग गर्न अग्रसर छन्।


पूर्व अर्थसचिव खनाल खर्च कटौतीका लागि गरेको घोषणाकै दुरुपयोग हुनु दुखद भएको बताउँछन् । सरकारी गाडी चालकहरु तेल र मर्मतको खर्चमा कमाइ गर्न नपाएर बिजुली गाडी नै नचलाउने अवस्थामा रहेको बेला सचिव तथा सहसचिवहरु इन्धनको पैसा लिएर हिँड्नु अर्को बिडम्बना भएको खनाल बताउँछन् ।

'बिजुली गाडी मन्त्रालय र सरकारी कार्यालयमै चार्ज हुन्छ, व्यक्तिगत खर्च नै हुँदैन भने किन खर्च दिनु', खनालले भने, 'कुनै अवस्थामा सार्वजनिक चार्जिङ स्टेसनमा चार्ज गरिएको रहेछ भने खर्चका आधारमा भुक्तानी दिए भइहाल्थ्यो ।'

(स्रोत: अनलाइनखबर)

# ३० दिनमा प्याकअप 'चित्रा', अञ्जनाको गुपचुप इन्ट्री

काठमाडौं/'पञ्चेबाजा' फेम्ड निर्देशक घनश्याम लामिछानेको निर्देशनमा बनेको नयाँ फिल्म 'चित्रा' ३० दिनमा 'प्याकअप' भएको छ । पोखरामा फिल्मको सम्पूर्ण छायांकन गरिएको हो । मौसम प्रतिकुल हुँदा पनि कलाकार र प्राविधिकहरुको मिहिनेतका कारण एक महिनामै छायांकन सकिएको निर्देशक लामिछानेले बताए । फिल्मलाई माघे संक्रान्तीको मौका पारेर आगामी पौष २७ गते प्रदर्शन गरिँदैछ ।



फिल्ममा प्रकाश घिमिरे, अर्पण थापा, मेनुका प्रधान, शुभेच्छा खड्का, सन्तोष अधिकारी, प्रमोद अग्रहरी, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेल, कपिल शर्मा, कुमार गुरुङ, उज्वल ढकाल लगायतको अभिनय छ । फिल्ममा 'महापुरुष' फेम्ड अभिनेत्री अञ्जना बराइलीको पनि अभिनय रहेको छ । फिल्ममा उनको प्रवेशलाई निर्माण टिमले छायांकन अवधिभर गुपचुप राखेको थियो ।

सन्तोष अधिकारी फिल्मस् तथा अस्याप इन्टरटेनमेन्ट नेपाल र अस्ट्रेलियाको निर्माण रहेको फिल्मले एक सेवानिवृत्त बाबु र छोरीको कथालाई उठान गरेको छ । आशिष थापा मगर निर्माता र सन्तोष अधिकारी कार्यकारी निर्माता रहेको यस फिल्ममा प्रविण सिंहको कोरियोग्राफी, सम्राट बस्नेतको एक्सन, महेश पौडेलको छायांकन, अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा लेखन छ ।

फिल्ममा राजनराज सिवाकोटीको संगीत छ । केदार पराजुली (श्री कृष्ण फिल्मस्)ले वितरणको जिम्मा लिएको फिल्मको अष्ट्रेलिया प्रदर्शन अधिकार अविनास रोका मगरले लिइसकेका छन् । नेपालकै मितिमा अष्ट्रेलियामा पनि फिल्म रिलिज गरिने जनाइएको छ । निर्माता अधिकारीको नयाँ फिल्म 'डलर एयुडी'को छायांकन तिहारपछि सुरु हुँदैछ भने फिल्म 'तीन जन्तु' प्रदर्शनको तयारीमा छ ।

# प्रदर्शनको संघारमा 'पशुपति प्रसाद २' टिमले गऱ्यो पशुपतिमा क्षमा पूजा

काठमाडौं/बडा दशैंको मौका पारेर कात्तिक ४ गते (फूलपाती)बाट प्रदर्शनमा आउन लागेको दीपेन्द्र के. खनालद्वारा निर्देशित फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को टिमले सोमबार साँझ पशुपतिमा क्षमा पूजा गरेको छ । ६५ दिनसम्म फिल्मको छायांकन पशुपति क्षेत्रमा भएको थियो । त्यसक्रममा केही गल्ती-कमजोरी भएको हुनसक्ने भन्दै माफी माग्न सन्ध्याकालिन आरतीमा क्षमा पूजा गरिएको हो ।



पूजामा निर्देशक खनालका साथै लेखक तथा निर्माता खगेन्द्र लामिछाने, अभिनेत्री स्वस्तिमा खड्का, वितरक करण श्रेष्ठ र प्रोडक्सन म्यानेजर शंकर पाण्डे आदि सहभागी थिए । मान्छेबाट काम गर्ने क्रममा अन्जानमा कुनै गल्ती हुनसक्ने भएकाले यदि त्यसो भएको खण्डमा भविष्यमा कुनै खालको क्षति नहोस् भन्नका लागि पुशपतिमा हुने आरतीमा क्षमा पूजा गर्ने प्रचलन रहेको खगेन्द्रले बताए ।

स्वस्तिमाले आफूले फिल्मका लागि क्षमा पूजा गरेको पहिलो अनुभव रहेको बताइन् । कहिले काहीँ नयाँ अनुभव गर्नुको मज्जा बेग्लै हुने बताउँदै उनी भन्छिन्, 'मैले आजसम्म धेरै फिल्ममा काम गरेको छु । धेरै मन्दिरमा छायांकन गरेकी छु । तर, क्षमा पूजा आफ्नो पहिलोपटक भएकाले पनि नौलो महसुस गरेकी हुँ ।' स्वस्तिमा 'गेरु रंग'को कुर्था-सुरुवालमा क्षमा पूजामा सहभागी भएकी थिइन् ।

यो फिल्ममा विपिन कार्की, सौगात मल्ल, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकास घिमिरे, लोकेन्द्र लेखक, मिस्त्री थापा, सजन थापा मगर, विभु पौडेललगायतको पनि अभिनय छ भने विशेष भूमिकामा खगेन्द्र लामिछाने र वर्षा सिवाकोटी छन् । नाम नै ब्रान्ड रहेको फिल्मले आक्रामक ओपनिङ गर्ने प्रक्षेपण गरिएको छ । फिल्मलाई २ करोडमाथिको ओपनिङ मिल्ने विश्लेषण धेरैको छ ।

# लाओसलाई हराउँदै नेपाल विश्वकप छनोटको दोस्रो चरणमा

काठमाडौं/मनिष डाँगीले गरेको एक मात्र गोल मदतमा लाओसलाई पराजित गर्दै नेपाल फिफा विश्वकप २०२६ को एसिया छनोटको दोस्रो चरणमा प्रवेश गरेको छ । लाओसको मैदानमा मंगलबार भएको दोस्रो लेगको खेलमा नेपालले लाओसलाई १-० ले पराजित गर्दै समग्रमा २-१ ले विजयी भएको हो ।

यसअघि बिहीबार काठमाडौंको दशरथ रंगशालमा भएको पहिलो लेगको खेल १-१ को बराबरीमा सकिएको थियो । नेपाली फुटबलकै भविष्यसँग जोडिएको दोस्रो लेगको खेलमा प्राप्त विजयले नेपाली फुटबलमा ठूलो राहत मिल्नेछ ।

अब नेपालले छनोटको दोस्रो चरणमा समूह जी मा यूएई, बहराइन र यमनसँग होम एण्ड अवे गरेर ६ खेल खेल्न पाउने छ । यसअघि नै भएको दोस्रो चरणको ड्र मा यस समूहमा युएई र बहराइन थिए । यमन भने पहिलो चरणमा श्रीलंकालाई समग्रमा ४-१ ले पराजित गर्दै दोस्रो चरणमा पुगेको हो ।

लाओसको भिएनतिएने स्थित न्यु लाओस नेशनल स्टेडियममा आज मंगलबार भएको खेलमा नेपालका लागि मनिष डाँगीले दोस्रो हाफमा निर्णायक गोल गरेका थिए । उनले ५२औं मिनेटमा अन्जन विष्टको पासमा सिक्स यार्ड बक्सबाट वान टचमा गोल गरेका थिए । त्यसअघि पहिलो हाफमा दुवै टोलीले केही अवसर बनाएपनि फिनिसिङ गर्न नसक्दा अग्रता लिने अवसर गुमाएका थिए ।

खेलमा पहिलो अट्याकले लाओसले गरेको थियो । १८औं मिनेटमा लाओसका मिकाइल भाङको प्रहार नेपालका गोलकिपर किरण कुमार लिम्बुले बचाएका थिए ।

२२औं मिनेटमा नेपाल गोलको नजिक पुगेको थियो । तर उत्सव राईले एरिक विष्टको क्रसमा पेनाल्टी बक्सबाट गरेको हेडर क्रसबारमाथिबाट बाहिरिएको थियो । ३९औं मिनेटमा लाओसका चोनी वेनपासेरथले पेनाल्टी बक्सबाट गरेको प्रहार पोष्ट नजिकबाट बाहिरिएको थियो ।

४८औं मिनेटमा मनिष डाँगीले सनिश श्रेष्ठको पासमा पेनाल्टी बक्सको एजबाट प्रहार गरेको बल थोरैले पोष्ट भन्दा बाहिर गएको थियो । ६५औं मिनेटमा मनिष डाँगीले करिब २५ यार्डबाट हानेको लामो प्रहार लाओसका गोलकिपरले बचाएका थिए । ७२औं मिनेटमा नेपालका जिलेस्पी जंग कार्कीले अग्रता दोब्बर पार्ने अवसर गुमाए । उनले नजिकैबाट प्रहार गरेको हेडर पोष्ट नजिकैबाट बाहिरियो ।

नेपालका कप्तान किरणले इन्जुरी टाइममा लाओसका काएडाभोन सौभानीको हेडर उत्कृष्ट बचाउ गर्दै नेपालको संकट टारेका थिए । यसै खेलबाट डिफेण्डर अमृत श्रेष्ठले नेपालका लागि डेब्यु गरेका छन् । पहिलो पटक सिनियर टिममा स्थान बनाएका अमृत इन्जुरी टाइममा फरवार्ड जिलेस्पीजंग कार्कीको स्थानमा मैदान प्रवेश गर्दै राष्ट्रिय टोलीमा डेब्यु गरेका हुन् ।

स्रोत: अनलाइनखबर

# अब गैरआवासीय नेपालीलाई पनि नागरिकता

काठमाडौं/गैरआवासीय नेपालीहरुलाई नागरिकता वितरण सुरु भएको छ ।मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहालले बालुवाटारमा आयोजित कार्यक्रममा दुई गैरआवासीय नेपालीलाई नागरिकताको प्रमाणपत्र प्रदान गरेका हुन् ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरु कुल आचार्य र बद्री केसीले नागरिकताको प्रमाणपत्र पाएका हुन् । केसीको जिल्ला प्रशासन कार्यालय, काठमाडौं र आचार्यको पर्वतबाट नागरिकताको प्रमाणपत्र जारी भएको हो ।

यो नागरिकतासँगै आफूहरुको अभिभारा थपिएको भन्दै केसीले भने, 'अब हामीले मुखले मात्र होइन, कामले नेपालको सम्बृद्धिसँग जोडिन सक्नुपर्नेछ ।' आचार्यले पनि गैरआवासीय नेपालीहरुको सन्ततिलाई नेपालसँग जोड्न नागरिक्ताले बल पुग्ने बताए ।

एनआरएनका संस्थापक अध्यक्ष उपेन्द्र महताले धेरै वर्षदेखि पर्खिरहेका गैरआवासीयहरुलाई प्रमुख जिल्ला अधिकारीहरुले सहजसँग नागरिकता दिने विश्वास व्यक्त गरे ।

गृह मन्त्रालयको नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाका उपसचिव कृष्णबहादुर कटुवालका अनुसार अब अरु गैरआवासीय नेपालीले पनि नागरिकताको प्रमाणपत्र पाउन सक्नेछन् । उनले अगाडि भने, 'प्रक्रिया पुऱ्याएर सम्बन्धित मुलुकबाटै आवेदन दिने नेपालीले नागरिकता पाउनेछन् ।'

यसअघि गैरआवासीय नेपालीहरुले परराष्ट्र मन्त्रालयबाट जारी हुने परिचयपत्र मात्रै पाउथे । २०७२ मा जारी भएको संविधानमा गैरआवासीय नेपालीहरुलाई नागरिकता दिने व्यवस्था गऱ्यो । संशोधित नागरिकता ऐन, २०७९ मा भनिएको छ, 'त्यस्ता व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने गरी गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ । तर संविधान जारी भएको ८ वर्षसम्म नागरिकता ऐन संशोधन भएका कारण उनीहरुले नागरिकता पाएनन् ।

२०७९ साउन-भदौमा संघीय संसदले नागरिकता विधेयक पास गरेर पठाएपनि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले विधेयक प्रमाणीकरण गरिनन् । १६ जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले विधेयक प्रमाणीकरण गरे भने असोजमा नियमावली संशोधन भयो ।

'संविधानमा व्यवस्था भएपछि पनि कानुनमा व्यवस्था गर्न ठूलै मिहिनत गर्नुपऱ्यो' अब ५० औं लाखको संख्यामा रहेका गैरआवासीय नेपालीहरुलाई नेपाली नागरिकता प्राप्त गर्ने बाटो खुलेको भन्दै प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'यो निकै ठूलो उपलब्धी हो ।' गैरआवासीय नेपाली नागरिकता बाहकले राजनीतिक र प्रशासनिक अधिकार भने पाउने छैनन् ।

'संविधानमा भएको व्यवस्था बमोजिम यस्तो नागरिकता पाउने गैरआवासीय नेपालीहरुले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउनेछन्', गृह मन्त्रालयका उपसचिव कटुवालले भने, 'यो नागरिकताले कुनैपनि निर्वाचनमा उम्मेद्वार बन्ने, मतदान गर्ने अनि प्रतिस्पर्धाबाट सरकारी तथा सार्वजनिक संस्थामा नियुक्त हुने बाटो भनेको दिएको छैन ।'

**नागरिकता लिने प्रक्रिया**

उपसचिव कटुवालका अनुसार, गैरआवासीय नेपाली नागरिकता लिनका लागि विदेशी मुलुकको नागरिकता पाएर सार्क मुलुकबाहेक अन्यत्र बसोबास गरेको हुनुपर्नेछ । नेपालको संविधानको धारा ८७ (क) मा भएको व्यवस्था अनुसार सार्क मुलुकमा बसोबास गर्ने नेपालीले यो सुविधा पाउँदैनन् ।

त्यसरी विदेशको नागरिकता पाएको व्यक्तिको आफ्नो बाउ वा आमा, बाजे वा बज्यै नेपाली नागरिक भएको पुष्टि हुने प्रमाण दिनुपर्नेछ । आफूले नेपाली नागरिकता लिएको भए त्यागेको प्रमाण दिनुपर्छ । अनि विदेशी मुलुकको नागरिकता भएको र आफू सार्क मुलुक बाहेकको देशमा बसोबास गरेको प्रमाण पनि पेश गर्नुपर्छ । उपसचिव कटुवालका अनुसार, गैरआवासिय नेपाली नागरिकता पाउनका लागि नेपालको संविधान र कानुनको परिपालना गर्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको हुनुपर्छ । निवेदन पेश गर्नेले 'म कुनै नैतिक पतन देखिने अपराधमा कसुरदार छैन' भनी स्वघोषणा गर्नुपर्नेछ ।

नागरिकता नियमावली २०८०, अनुसार सम्बन्धित दूतावास वा महावाणिज्य दूतावासमा पेश भएको निवेदन परराष्ट्र मन्त्रालय हुँदै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पुग्छ । प्रशासनले सम्बन्धित व्यक्तिको नातेदार वा अरु व्यक्तिले प्रशासन कार्यालयमै पुगेर सनाखत गरिदिएपछि नागरिकताको प्रमाणपत्र पाउन योग्य हुन्छ । (स्रोत: अनलाइनखबर)

# म्यूजिक भिडियोलाई फिल्मको परिभाषामा समेट्नुपर्ने माग

काठमाडौं/नेपाल म्यूजिक भिडियो निर्देशक समाजले म्यूजिक भिडियोलाई फिल्मको परिभाषामा समेटेर यस क्षेत्रको पनि अभिभावक बन्न चलचित्र विकास बोर्डको ध्यानाकर्षण गराएको छ । सोमबार समाजका कार्यवाहक अध्यक्ष देवेन्द्र पाण्डे, सह-सचिव समन अधिकारी, कोषाध्यक्ष बबिता श्रेष्ठ, सदस्यहरू दयाराम घिमिरे, देवेन्द्र कुँवर र देवराज आचार्य आदिले अध्यक्ष भुवन केसीलाई म्यूजिक भिडियोको क्षेत्रलाई बोर्डअन्तर्गत राख्न आग्रह गर्दै ध्यानाकर्षण पत्र बुझाएका हुन् ।



बोर्डले समेट्ने क्षेत्रको परिभाषामा चल्ने चित्रलाई 'चलचित्र' भनिएको तर निर्माण हुने प्रक्रिया, विधि, प्रविधि, प्रयोग तथा कलाकार, प्राविधिक, निर्देशक लगायतका विषयहरु म्यूजिक भिडियोमा पनि एकै किसिमको रहेको भए पनि म्यूजिक भिडियोलाई फिल्मको परिभाषाको प्रक्रियामा नराखिएकोमा समाजले आपत्ति जनाएको छ ।

म्यूजिक भिडियोमार्फत् देशका विभिन्न जातजाति, भाषा, कला-संस्कृतिको जगेर्ना गर्दै अर्थतन्त्र, पर्यटन, रोजगारी लगायतमा यो क्षेत्रले मद्दत पुऱ्याउँदा पनि म्यूजिक भिडियोलाई फिल्मको परिभाषामा समावेश नगरिनु र औपचारिकतामा प्रवेश नगराउनु आफैंमा पक्षपाती विषय भएको पत्रमा उल्लेख छ । दैनिक डेढ करोड हाराहारीको लगानी तथा हजारौंले रोजगारी पाइरहेको अवस्थामा पनि यस क्षेत्रलाई हेर्ने राज्यको कुनै निकाय नहुँदा राज्यले राजस्वको ठूलो हिस्सा गुमाइरहेको पत्रमा भनिएको छ ।

समाजले बोर्डलाई पत्रमार्फत् राज्यले म्यूजिक भिडियोको क्षेत्रबाट लिन सक्ने सम्भावित फाइदाहरू र राजस्व शीर्षकहरूबारे जानकारी गराएको छ । पत्र बुझ्दै अध्यक्ष केसीले जरुरी रहेको विषय समाजले जानकारी गराएको र आगामी बैठकमा यसबारेमा प्रस्ताव राख्ने बताए ।

केसीले सञ्चार मन्त्रालयमा यसबारेमा जानकारी गराई ठोस निर्णय गर्ने आश्वासन पनि दिएका छन् । समाजका कार्यवाहक अध्यक्ष देवेन्द्र पाण्डेले सोही प्रकृतिको ध्यानाकर्षण पत्र सञ्चार मन्त्री रेखा शर्मालाई पनि बुझाउने बताए ।



# मकवानपुरसहित ६१ जिल्ला मनसुनबाट प्रभावित, ६३ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका-५ र काभ्रेको खानिखोला गाउँपालिकाको सीमानामा पर्ने सिक्रेदोभानमा २३ साउन बिहानै पहिरोले घर बगायो ।

मकवानपुरको बागमती ५ र काभ्रेको खानिखोला गाउँपालिकाको सीमानास्थित सिक्रेदोभानमा अविरल वर्षाको कारण पहिरो जाँदा घरसहित ६ जना बेपत्ता भए । बिहान ४ बजे गएको पहिरोले एकै परिवारका ६ जना पहिरोमा बेपत्ता भएका थिए । पहिरोसँगै आएको बाढीले घटना भएको दुई दिनपछि बागमती खोलामा परिवारकै ४ जना सदस्यको शव फेला परेको थियो ।

मकवानपुरमा विगत लामो समयपछि प्राकृतिक विपतिले यति ठूलो जनधनको क्षति पुऱ्याएको थियो । मनसुन सक्रिय हुँदा निरन्तर परेको वर्षाका कारण बागमती खोलाले बागमती पुलको सडक क्षेत्र कटान गर्नुका साथै आधादर्जन घर डुबानमा परेका थिए । मकवानपुर सहित ६० वटा जिल्लालाई प्रभावित बनाएर यसवर्षको मनसुन गत आइतबारबाट बाहिरिएको राष्ट्रिय



विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

नेपालमा यो वर्ष गत जेठ ३१ बाट मनसुन भित्रिएको थियो । मनसुनमा पूर्वजडान गरिएका ३४ वटा स्मार्ट साइरनबाट ८ सय ३२ वटा अलर्ट जारी भएका थिए । मनसुन नेपाल प्रवेश गरेकै दिनदेखि अविरल रुपमा परेको वर्षाका कारण पूर्वीपहाडी जिल्लाहरु ताप्लेजुङ, पाँचथर र संखुवासभामा ठूलो मानवीय तथा भौतिक क्षति भएका थिए । प्राधिकरणका प्रवक्ता धुबबहादुर खड्काका अनुसार मनसुन अवधिमा पहिरोका ४ सय ५९, भारी वर्षाका १ सय ६८, बाढीका १ सय ४२ र चट्याङका १ सय २३ घटना गरी कूल ८९२ घटना अभिलेख भएका थिए । विपद्का घटनामा ९२ जनाको मृत्यु भएको थियो भने १ सय ६८ जना घाइते भएको भएको उनले बताए ।

विपद्मा परी ३० जना मानिसहरु अझै बेपत्ता छन् । मनसुन अवधिमा ६ हजार एक सय ३० परिवार प्रत्यक्ष प्रभावित भएका थिए । त्यस्तै दुई सय ४३ निजी घरमा पूर्ण र ७ सय २० वटा घर आंशिक क्षति पुगेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार निजी आवासतर्फ मात्रै करिब ३३ करोड रुपैयाँ बराबरको क्षति अनुमान गरिएको छ । मनसुन अवधिमा १५ वटा पक्की पुल क्षतिग्रस्त हुँदा १ अर्ब २० करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान प्राधिकरणले गरेको छ । त्यसैगरी २७ वटा झोलुङ्गे पुल क्षति हुँदा १२ करोड, सडक, करिडोर तथा राजमार्गमा भएको क्षतिमा २८ करोड अनुमानित क्षति पुगेको प्राधिकरणले जनाएको छ ।

खानेपानी संरचनाहरुमा करिब ८ करोडको क्षति अनुमान गरिएको जानकारी खड्काले दिए । उनका अनुसार सिंचाइतर्फ ३ करोड ५० लाखको क्षति भएको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) का अनुसार संचालनमा आइसकेका १३, निर्माणाधीन १७ र लघु २७ गरी ५७ वटा जलविद्युतमा क्षति पुग्दा करिब नौ अर्ब रुपैयाँ बराबरको क्षति पुगेको छ । मनसुन अवधिमा बझाङ जिल्लालाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पमा परी एक जनाको मृत्यु भयो भने ३० जना घाइते भएको प्राधिकरणले जनाएको छ ।

# मंसिर तेस्रो सातादेखि चौथो थाहा महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ थाहानगर उद्योग वाणिज्य संघले आगामी मंसिर १४ गतेदेखि थाहा महोत्सव आयोजना गर्ने भएको छ । थाहानगर उवासंघका अध्यक्ष पुरुषोत्तम ढकालका अनुसार स्थानीयस्तरमा उत्पादित बस्तु बजारीकरण गर्ने र उत्पादक तथा उपभोक्ताबीच सीधा सम्पर्क गर्न महोत्सव आयोजना गरिएको हो ।

आर्थिक मन्दीका कारण समस्यामा रहेको अवस्थामा महोत्सव संचालन गरी आर्थिक गतिशीलता बढाउने पनि महोत्सवको लक्ष र हेको बताइएको छ । गत महिनामा भएको थाहानगर उवासंघको आठौं वार्षिक साधारणसभा तथा प्रथम नगर अधिवेशनबाट नेतृत्वमा आएका ढकालले थाहा महोत्सबलाई बिगतका वर्षमा गरिएका मेला र महोत्सव भन्दा केही नयाँपन थप्ने तयारी भइरहेको जानकारी दिएका छन् ।

संघका वरिष्ठ उपाध्यक्ष शम्भुसिं कार्कीका अनुसार मंसिर १४ गतेदेखि २५ गतेसम्म थाहा महोत्सव गर्ने तयारी भएको हो । यसका लागि संघले मंगलबार जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट महोत्सवका लागि स्वीकृति लिएको छ । जिल्ला




फाइल फोटो

प्रशासन कार्यालय मकवानपुरले थाहा नगरपालिका, आन्तरिक राजश्व कार्यालय, स्थानीय सुरक्षा निकायसँग समन्वय गरी चौथो थाहा महोत्सव २०८० संचालन गर्न अनुमति दिएको बरिष्ठ उपाध्यक्ष कार्कीले बताए ।

कृषि, पर्यटनको विकास र बिस्तारका लागि थाहा महोत्सव गर्न लागिएको कार्कीले जानकारी दिएका छन् । थाहा नगरपालिका महाभारत श्रृंखलाको मध्य भागमा उपत्यकाको रुपमा रहेको छ । यो नगरक्षेत्रको उच्चभागमा रहेको दामन भ्युटावरवाट विश्वको सर्वोच्चशिखर सगरमाथा सहित २५ भन्दा बढी उच्चहिमशिखरको प्रत्यक्ष दृश्यावलोकन गर्न सकिन्छ ।

आर्कषक पदमार्ग, शितोष्ण हावापानी, विभिन्न धार्मिकस्थल, जैविकविविधता जस्ता सम्पदा रहेका कारण थाहानगरलाई पर्यटकीय नगरको रुपमा विकास गर्न सकिने ठूलो संभावना रहेको छ । उर्वर कृषिभूमि यस क्षेत्रको अर्को प्राकृतिक वरदान हो ।

यस क्षेत्रका किसानले वार्षिक २ अर्व रुपैयाँ भन्दा बढीको बेमौसमी तरकारी देशका प्रमुख सहर र छिमेकी देश भारतमा निर्यात गर्दछन् । मुलुकको सवैभन्दा जेठो राजमार्ग त्रिभुवन राजपथले यो नगरको करिव बीच भागबाट चिर्दे तराई र नेपालको राजधानी काठमाडौं जोडेको छ ।

# चाडपर्वलाई मध्यनजर गर्दै मनहरीस्थित राप्तीमा अस्थायी कल्भर्ट

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ मनहरी गाउँपालिकास्थित राप्ती खोलामा चाडपर्वलाई मध्यनजर गर्दै अस्थायी कल्भर्ट निर्माण गरिएको छ । अस्थायी कल्भर्टबाट मनहरीको ५ नम्बर वडा जोडिने छ ।

चाडपर्व दसैं, तिहार र छठमा सर्वसाधारणको बाक्लो आवतजावत हुने भएपछि झोलुङ्गे पुल नजिकैबाट सवारीसाधन चलाउन मिल्ने गरी अस्थायी कल्भर्ट निर्माण गरिएको हो । राप्ती खोलामा पानीको बाहब घटेपछि पश्चिम मकवानपुरको मनहरी गाउपालिका वडा नम्बर ५ र ९ जोड्ने अस्थायी कल्भर्ट निर्माण भएको छ । मनहरी-९ को रजैया र ५ नम्बर वडाको दर्दरा, बसन्तपुर र डिल्लीपुर जोड्ने राप्ती खोलामा ग्राभेल र ह्युमपाइप हालेर अस्थायी कल्भर्ट बनाइएको हो ।

चालू आर्थिक वर्ष २०८०/८१ को ५ लाख बजेट बिनियोजन गरि ह्युम पाईपसहितको अस्थायी कल्भर्ट निर्माण गरिएको ५



फाइल फोटो

नम्बर वडाअध्यक्ष दीपेन्द्र अधिकारीले जानकारी दिए । अस्थायी कल्भर्ट बनेपछि गाउँमा उत्पादन भएको कृषि उपजका तरकारी तथा अन्नबालिहरु सहजरुपमा बजारसम्म पुऱ्याउन सहज भएको उनको भनाई छ । ३४ वटा ह्युमपाइप, तारजाली सहितको गिट्टी बालुवा, ढुंगा प्रयोग गरिएकोले सामान्य भल बाढीले क्षति नहुने अवस्था रहेको अधिकारीले बताए । अस्थायी पुल बनेपछि साना, मझ्यौलादेखि ठुला सवारीसाधनसमेत आवतजावतमा सहज भएकोपछि वडाबासीलाई दैनिक कार्यमा हिँड्डुल गर्न सहज भएको छ ।

हाल कल्भर्ट बनाएको ठाउँमा पक्की पुल निर्माणको कामसमेत अगाडि बढ्ने भएको छ । राष्ट्रिय राजमार्गसँग जोड्न स्थायी पक्की पुलको टेण्डर भएर बिटी निर्माण सेवा काठामाडौंले ठेक्का पाइसकेको वडाध्यक्ष अधिकारीले जानकारी दिए । उनले चाडपर्व लगतै पुल निर्माणको शिलान्यास गरेर निर्माण कार्य अघि बढ्ने बताए ।

# जेसीज खुलादौडमा लामा प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ जेसीआई चैनपुर प्रस्तावितको जेसीज सप्ताह कार्यक्रम अन्तर्गत भएको २ किलोमिटर खुला दौड प्रतियोगितामा मनहरी-९ रजैयाका प्रताप लामा प्रथम भएका छन् ।

अन्य १५ प्रतिस्पर्धीलाई उछिन्दै उनी प्रथम भएका हुन् । उनी थ्रीस्टार क्लवबाट फुटबल खेल्दै आएका ए डिभिजन खेलाडी हुन् । प्रतियोगितामा मनहरी-३ लामिटार का रामबहादुर राई द्वितीय हुँदा र जैयाकै दीपेन्द्र न्यौपाने तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीय भएकाहरुले क्रमश: नगद ५ हजार, ३ हजार र २ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

उनीहरुलाई जेसीज सप्ताहको समापनको क्रममा पुरस्कार प्रदान गरिनेछ । कार्यक्रम संयोजक मनिष पौडेलको संयोजकत्व एवम चैनपुर जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्यता रहेको थियो । वडाअध्यक्ष थापाले जेसीज लगायतका संस्थाले सामाजिक विकासमा महत्वपूर्ण सघाउ पुऱ्याउँदै आएको भन्दै धन्यवाद ज्ञापन गरे । उनले सामाजिक संघसंस्थाहरुसँग समन्वय गरेर अघि बढ्न तयार रहेको बताए ।

राजनीतिक दलसहित अन्य विभिन्न सामाजिक संस्थाले जेसीजबाट एक व्यक्ति, एक वर्ष, एक कार्यकालको नीति र विधिको शासनलाई आत्मसाथ गर्नुपर्ने उनको धारणा थियो ।

कार्यक्रममा जेसीजका अध्यक्ष सल्लाहकार विदुर थापा, स्थानीय नवज्योति प्राविका शिक्षक नविनकुमार रेग्मी, जेसीज सप्ताह मूल कार्यक्रम सहसंयोजक मिलन ढुंगानालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा स्थानीय समाजसेवी राजेन्द्र कुँवर, लामिटार मध्यवर्ती सामुदायिक उपभोक्ता समूहका कोषाध्यक्ष जयराम राई, सानाकिसान सहकारीका व्यवस्थापक सुरेन्द्र तितुङलगायतको आतिथ्यता थियो ।

# हेटौंडा-चितवन खण्डमा टाइम कार्ड

साझाकुरा संवाददाता


हेटौंडा, ३० असोज/ चाडपर्वमा अत्याधिक सवारीचापको कारण हुन सक्ने सम्भावित दुर्घटनालाई रोक्न जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा-चितवन सडकखण्डमा टाइम कार्ड लागू गरेको छ ।

चाडपर्वमा हुने भीडभाड र यातायातमा सुरक्षामाथि सुरक्षित हुनको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले सार्वजनिक सवारी साधनमा टाइम कार्ड लागू गरेको हो ।

सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले चाड पर्वलक्षित गरी मंगलबारबाट टाइम कार्ड लागू गरेको ट्राफिक प्रहरीले जारी गरेको सूचनामा जनाइएको हो । पर्सा जिल्लाको सीमाना कटेर हेटौंडा उपमहानगरपालिका-१५ चुरियामाईबाट हेटौंडा बसपार्क, मनहरी हुँदै चितवन जाने सार्वजनिक यात्रुवाहक सवारी साधनहरुमा अनिवार्य रुपमा टाइम कार्ड लागू भएको ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यात्रु पाइने होडमा छिटोछिटो सवारी गुडाउँदा दुर्घटना हुने संभावनालाई कम गर्न जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको सहकार्यमा टाइम कार्ड लागू गरिएको हो । यो रुटमा चल्ने यात्रुवाहक सवारी साधनले अनिवार्य टाइम कार्ड लिनुपर्ने व्यवस्था गरिएको सूचनामा उल्लेख छ ।

टाइम कार्ड नलिई सवारी चलाएमा यातायात व्यवस्था ऐन, नियमबमोजिम कारवाही हुनेसमेत प्रहरीले जनाएको छ । मकवानपुरबाट काठमाडौं जाने




सुमोहरुमा भने यस अघि नै टाइम कार्ड लागु भइसकेको छ । तोकिएको स्थानबाट तोकिएको स्थानमा तोकिएभन्दा चाँडो पुगेका नियम अनुसार कारवाही गरिने प्रहरीले जनाएको छ ।

# यौन तथा प्रजननअधिकार सम्बन्धी अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ वियोण्ड बेइजिङ कमिटी नेपालको आयोजनामा मकवानपुरको राक्सिराङ गाउँपालिकामा यौन तथा प्रजननस्वास्थ्यअधिकार सम्बन्धी अन्तरक्रिया भएको छ ।

राक्सिराङ गाउँपालिकाका धार्मिक अगुवा, शिक्षक, झाँक्री, विभिन्न संघसंस्थाका प्रमुख, जनप्रतिनिधिलगायतको सहभागितामा मंगलबार अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको हो । स्थानीयलाई यौन तथा प्रजननअधिकारको विषयमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको संस्थाले जनाएको छ ।

यसअघि संस्थाले विद्यालय बाहिर रहेका २२ जना किशोर किशोरीलाई यौन तथा प्रजनन अधिकारसम्बन्धी १० दिने तालिमको आयोजना गरिसकेको वियोण्ड बेइजिङ कमिटी नेपालकी सम्पर्क अधिकारी कुमारी वाइबाले जानकारी दिइन् ।

स्थानीय संस्थाको रुपमा कार्यक्रम संयोजन गरेको संस्था युसेस मकवानपुरका अध्यक्ष वुद्धशरण लामाको अध्यक्षतामा भएको कार्यक्रममा राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यता रहेको थियो ।

# सूर्यकिरण क्लबलाई खेल सामग्री सहयोग

हेटौंडा, ३० असोज/ चैनपुर जेसीज प्रस्तावितले मनहरी गाउँपालिका-५ मा रहेको सूर्यकिरण युवा क्लबलाई खेलकुद सामग्री हस्तान्तरण गरेको छ । जेसीज सप्ताहअन्तर्गत क्लवलाई फुटबल, भलिबल लगायतका खेल सामग्री हस्तान्तरण गरेको हो ।

कार्यक्रम संयोजक नवराज रिजालको संयोजकत्व एवम जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका-५ नम्बर वडाअध्यक्ष दीपेन्द्र अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो ।

वडा अध्यक्ष अधिकारीले आफ्नो वडामा आएर सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि सहकार्य जारी राख्न अनुरोध गरे । उनले खेलकुद सहित वडाको सर्वाङ्गीण विकासमा आफूहरु लागिपरेको बताए ।

सूर्यकिरण युवा क्लवका अध्यक्ष बीरबहादुर मिजारले जेसीजको सहयोगले खेलकुदको गतिविधिमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि सहकार्यको लागि अनुरोध गरे ।

कार्यक्रममा ५ नम्बर वडासचिव विदुर पाठक, २ नम्बर वडासचिव साजन लामा, मूल कार्यक्रम सहसंयोजक मिलन ढुंगानालगायतको आतिथ्यता रहेको थियो ।

# मकवानपुरमा मंगलबार ४ जनामा डेंगू संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, ३० असोज/ मकवानपुरमा मंगलबार थप ४ जनामा डेंगू संक्रमण देखिएको छ । स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार मंगलबार दिउसोसम्म ४ जनामा संक्रमण देखिएको हो ।

जिल्लामा गत साउन १ गतेदेखि हालसम्म डेंगू संक्रमितको संख्या ६ सय २४ पुगेको छ । मंगलबार थप ४ जनामा डेंगू संक्रमण भएसँगै संक्रमितको कूल संख्या ६२४ पुगेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । मंगलबार हेटौंडा उपमहानगर पालिका ३ जना र थाहा नगरपालिका एक जनामा डेंगू संक्रमण पुष्टि भएको हो । स्वास्थ्य कार्यालयका अनुसार, जिल्लामा हालसम्म संक्रमित भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन् । हेटौंडामा मात्रै हालसम्म ४ सय १९ जनामा डेंगू संक्रमण पुष्टि भइसकेको छ ।

हेटौंडा उपमहानगरपालिका
**३ नं. वडा कार्यालयको**
**सूचना**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पुरा भएको हुनुपर्ने ब्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ मा भएको ब्यवस्था बमाजिम बिवाह गर्ने व्यक्तिको उमेर बीस बर्ष नपुगी विवाह गर्न वा गराउनु हुदैन यदी गर्ने वा गराउने गरेमा तीन बर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौ ।

**ढलक बहादुर थापा**
वडा अध्यक्ष तथा
**३ नं. वडा कार्यालय परिवार**

हेटौंडा उपमहानगरपालिका
**२ नं. वडा कार्यालयको**
**सूचना**

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको
अन्त्य गरौं।

**विष्णु गोपाल महर्जन**
वडा अध्यक्ष तथा
**२ नं. वडा कार्यालय परिवार**

हेटौंडा उपमहानगरपालिका
**९ नं. वडा कार्यालयको**
**सूचना**


*यौन हिंसाबाट बचौं र बचाऔं ।*

यौनजन्य हिंसा सामाजिक अपराध हो । यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ। अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं। उनीहरुको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ। त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं। बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।

**शुकराम केसी**
वडा अध्यक्ष तथा
**९ नं. वडा कार्यालय परिवार**

**डेंगु रोग सम्बन्धि जानकारी**

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।



- उच्च ज्वरो आउनु ।
- आँखाको गेडी वरिपरि तथा टाउकाको पछाडीको भाग दुख्ने ।
- जिउ दुख्ने ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।

डेंगु रोगको उपचार :
- डेंगु रोग भाईरसको कारणबाट हुनेहुंदा खास उपचार र खोप नभएकाले समयमै स्वास्थ्य सस्था वा अस्पताल गई लाक्षणिक उपचार गर्नु पर्दछ ।

डेंगु रोगबाट बच्ने उपायहरु :



- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु पर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्नका लागि दिनको समयमा पुरै शरिर ढाकिने गरी लुगा लगाउने ।
- सुत्दा झुलको प्रयोग गर्ने ।
- जम्मा भएको सफा पानीमा डेंगु रोग सार्ने लामखुट्टेको बासस्थान हुने भएकाले घर वरिपरिको पानी जम्ने स्थानहरु जस्तैः खुल्ला पानी ट्याङ्की, टायर, गमला तथा कुनैपनि भाडामा लामो समयसम्म पानी जम्न नदिने र प्रत्येक ३ वा ४ दिनमा भाडा खाली गर्ने ।
- घरायसी प्रयोजनका लागि संकलन गरिएको पानीको भाडा राम्रोसंग ढाक्ने ।
- नियमित वातावरणीय सरसफाई गर्ने ।

**हेटौंडा उपमहानगरपालिका १६ नं वडा कार्यालय**
हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना